**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

२०७७/०२/२८

छैटौं अधिवेशन

(तेह्रौं बैठक)

बचन पत्र (रिडिङ पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **मननीय सदस्यहरु,**

यस सभाको छैटौं अधिवेशनको तेह्रौ बैठकको कार्वाही प्रारम्भ हुन्छ।

२. **मननीय सदस्यहरु,**

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम शून्य समय निर्धारण गरेको छु। शुन्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु।

**सर्वप्रथम माननीय पुर्णा जोशीलाई समय दिन्छु।**

माननीय सभामुख महोदय, मुलुक साढे दुइ महिना भन्दा बढि लकडाउनको अवस्थामा छ। मुलुकका करीव ३ लाख भन्दा बढि बिद्यार्थीहरु अहिले बिद्यालय शिक्षा र उच्च शिक्षाबाट बञ्चित छन, पठनपाठन ठप्प छ । उनिहरुले दिने परीक्षाहरु दिन पाइरहेका छैनन् तसर्थ उनिहरको जीवनलाइ उनिहरुको दैनिकिलाइ क्रियाशिल बनाउनको लागि दुर शिक्षा, अनलाइन शिक्षा लगायत अरु वैकल्पिक शिक्षाका पठनपाठनका माध्ययम अपनाउन जरुरी छ भन्ने मलाइ लाग्दछ र त्यसतर्फ प्रदेश सरकारको ध्यानाकर्षण होस भन्ने कुराहरु म चाहान्छु । किसानहरुले मकै धान लगायतका बालिहरु बर्केबालिहरु रोपाइ गर्नेर बेला भयको छ मल बिउ हरुको सहज आपुर्ति को निमित किसानहरुले आवाज उठाइराखु भयको छ त्यस तर्फ प्रदेश को मन्त्रालयलाइ प्रदेश सभाबाट म ध्यानाकर्षण गराउन चाहान्छु । कोरोना भाइरस कोभिड १९ लगायत क्वारेन्टाइनमा रहेर मृत्यु हुने नागरीकहरुको निमित उनिहरुको परीवारलाइ राहत स्वरुप यो प्रदेश सरकारले केहि रकम घोषणा गर्नुपर्छ । प्रदेशको क्षमता अनुसार जस्तो प्रदेश ५ ले १ लाख रुपिया मृतक को परीवारलाइ दिने भन्ने कुरा गरेको छ हाम्रा क्वारेन्टाइनको अव्यस्थापन को कारणले गर्दाखेरी क्वारेन्टाइन र धेरै नागरीकहरुको मृत्यु भैराखेको छ, हुने क्रम छ तसर्थ क्वारेन्टाइन को व्यवस्थापन र क्वारेन्टाइनमा मृत्यु भैसकेपछि मृतकका परीवारलाइ राहत स्वरुप दिने रकमहरु प्रदेश सरकारले घोषणा गर्नुपर्छ भन्ने कुरा म राख्न चाहान्छु । त्यसतै गरीकन यो कोरोनाको आयु कति हो भण्ने कुरा हरु विश्व स्वास्थ्य संगठनले पनि आकलन गरेको छैन तसर्थ यो बर्षको २०७७/०७८ शालको पुर्वाधार बिकास कोषको कायर्क्रम जसरी हामीले बिगतका बर्षहरुमा खर्च गरेका छौ केहि खर्च गर्न बाकि छ खर्च गर्न असहजता छ प्रदेश सरकारले बजेट निर्माण गरीरहेको छ बजेट निर्माण गर्दै गर्दाखेरी यो आर्थिक बर्षको पुर्वाधार बिकास कार्यक्रमलाइ स्वास्थ्य पुर्वाधार

बिकास कार्यक्रम भनेर घोषणा गरोस भन्ने कुराहरु म यो प्रदेश सभाबाट सभामुख ज्यु मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र अन्त्यमा यो प्रदेश सभाको आर्थिक बर्ष २०७७/०७८ को कार्यक्रममा विशेस गरीकन यो स्वास्थ्य शिक्षालाइ यो पब्लिक हेल्थलाइ बढि जनस्तरमा पुर्याउनको लागि बिशेस खालको कार्यक्रम सञ्चालन हुनुपर्छ भन्ने कुराहरु मैले अस्ति नीति कार्यक्रममा पनि बोलेको थिय म फेरी पनि भन्न चाहान्छु कोरोना लागेका मान्छेहरु कोरोना संक्रमित मान्छेहरु अथवा क्वारेन्टाइनमा बस्ने मान्छेहरु अथवा सिमा पारीबाट आउने मान्छेहरु बाहिर बाट आउने मान्छेहरु देख्ने बित्तिकै हरेक नागरीकहरुले यो कोरोना भनरे घृणाको दृष्टिले थाल्यो तसर्थ त्यसतर्फ मान्छेहरुको संयमता मान्छेको संवदेनशिलता यो किसिमको अवस्थामा मान्छेले गर्ने सामाजिक व्यवहारमा परीवर्तन ल्याउनका लागि यो स्वास्थ्य शिक्षा अनिवार्य विषय हो भन्ने कुराहरु म राख्न चाहान्छु धन्यवाद ।

**माननीय प्रकाश रावल**

माननीय सभामुख महोदय, अहिले बर्तमान परीस्थिति कोरोना भाइरस कोभिड-१९ कारणले अत्यन्तै असहज परीस्थितिको अवस्था हामीले पनि व्यहोरी राखेका छौ र हाम्रो प्रदेश बाट अत्यन्तै महत्वपुर्ण रुपमा रोजगारीका लागि भारतमा जाने परम्परा हामीकहा अत्यन्तै यो बढिरहेका कारण पनि अहिले भारतबाट आउने नागरीकहरुको संख्या अत्यधिक मात्रामा आएका कारणले हाम्रा प्रदेश का सवै पालिकाका सवै वडाका बिद्यालयगर्नुपर्ने अवस्था र ति सवै फुलफिल भैसकेको अवस्थामा अत्धिक घुइचो र आवश्यकता भन्दा बढि नागरीकलाइ राख्नुपर्ने भयको कारणले त्यहा हुने संक्रमण बढिराखेको छ कि भन्ने भयभित अवस्था सिर्जना भयको छ र यसबाट हुने खतरा एकातिर छ भने अहिले हाम्रो प्रदेशमा पनि १५५ जना संक्रमित भेटिसकेका छन उहाहरुलाइ आइसोलेशन राख्ने अवस्था पनि अहिले त्यति सहज हुन नसकेको अवस्था छ । हामी बजेट बिनियोजन गरी राख्या छौ र यस कारण विदेशबाट आउनेहरु लाइ रोजगारी कुन क्षेत्रमा हामीले प्रत्याभुति गराउने कृषि क्षेत्रलाइ महत्वका साथ कृषिमा हामीले योजना हरु अगाडि सार्ने कृषि नै हाम्रो प्रमुख आधार रोजगारीको हो भन्ने कुरालाइ बजेट बिनियोजन होस त्यसै गरी अब हामी स्वास्थ्य क्षेत्रमा पनि संयमति अपनाउनका लागि यस बर्षको बजेट स्वास्थ्य र कृषिमा अलिकति केन्द्रित हुने गर सरकारले ल्याओस भन्ने धारणा राख्न चाहान्छु र जुन बडरबाट आउने संख्यालाइ हामीले व्यवस्थित गरेर क्वारेन्टाइनमा राखेर तालिमकाले पनि केहि मात्रामा गरीराख्या छ भने प्रदेश सरकारले शिघ्र त्यसका लागि व्यवस्थापन गर्ने कुराहरुमा आफ्नो बजेट केन्द्रित ल्याओस भन्ने हामीले शुरुमै केहि रकमहरु राहतका लागि बाड्यौ भने अहिले वास्तवमै ति क्वारेन्टाइनमा बसेका नागरीक हरुलाइ प्रदेशले सहयोग गर्नुपर्ने अवस्था अहिले सिर्जना भयको हामीले अनुभव गरेका छौ र अहिले होम क्वारेन्टाइनको कुरा उठेको छ त्यसको व्यवस्थापनको लागि पनि एउटा हामीले केहि आधारहरु सिर्जना गरेर हामीले पालिकाहरुलाइ गनेर अज पनि केहि रकम पालिका मार्फत, हामीले केहि क्वारेन्टाइनलाइ व्यवस्थापन गरेर जानुपर्छ कि भन्ने मलाइ लागेको छ । तसर्थ अहिलेको यो कृषि

क्षेत्रको कुरा पनि मैले राखे र आदरणिय सभामुख महोदय यो अहिले पनि कृषि क्षेत्रलाइ महत्वका साथ हेरेको छ । प्रदेश सरकारले पनि हेरोस म महत्वका साथ राख्न चाहान्छु धन्यवाद

**माननीय बल बहादुर सोडारी**

माननीय सभामुख महोदय, अछाम जिल्लाको बयलफाटा अस्पतालमा भर्खरै अस्ति २६ गते मात्रै अछाम साफेबगर नगरपालिका वडा न ६ निवासि सिदार्थ त्यहाको सञ्चालक समिति र प्रशासनले ३२ कर्मचारीलाइ आर्थिकका अभावले शिलशिलामा निज सिदार्थ आउजि पनि त्यस अस्पतालमा सरसफाइको रोजगारी खाइराखेको आफ्नो रोजगारी गुमेका कारणले आफ्नो शरीरमा पेट्रोल छर्केर देह त्याग गरेको छ र उक्त घटनामा कारकलाइ कारबाहि हुनुपर्छ र सिदार्थ आउजीको मृत्युको कार्क तत्व को हो? त्यसलाइ छानविन गर्नुपर्छ भन्ने माग राख्दै र त्यसकि श्रिमतीलाइ जागिर हुनुपर्छ । भन्दै अन्तमा निज मृतकलाइ श्रदान्जलि ब्यक्त गर्दै परीवारलाइ समवेदना प्रकट गर्दछु र साथै यो   संस्थाले चलाको, बिदेशि संस्थाले अस्पताल छ । यसको स्वामित्व प्रदेश सरकारले, केन्द्र सरकारसँग समन्वय गरेर आफ्नो स्वामित्वमा लिनुपर्छ भन्ने माग राख्न चाहान्छु । सभामुख महोदय कोरोना महामारीको कारणले जो क्वारेन्टाइनमा बसेका बिदेशबाट आयर स्कुल स्कुलमा, गाउगाउमा गोठछानाहरुमा भरीयका नागरीकहरुलाइ २१ दिन पुग्दा समेत आरडिटि समेत चेक भयको छैन भन्ने कुरा सहरमा आयकाले म प्रदेश सरकारको सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

माननीय सभामुख महोदय, यो कोभिड-१९ को महामारीले आज हामी सवैलाइ सताएको छ र सुदुरपश्चिम प्रदेशका सवै बिद्यालहरु भरीभराउ छन कोरोनाको लहर बढिराखेको छ who ले एउटा गाइडलाइन दिएको छ तर नेपालको सन्दर्भमा कोरोना परीक्षण नगरीकन घर पठाइने काम भएको छ । जसले संक्रमणलाई बिस्तार गर्ने कुराहरु यसले अगाडि बढाएको छ र डोटि जिल्ला मात्र होइन यो सवै जिल्लामा रिपोर्ट आइराखेको छ । पिसिआर परीक्षण गरेको १० दिनसम्म पनि रिपोर्ट आको छैन स्वाव संकलन गर्ने कुराहरु बन्द भएको छ । क्वारेन्टाइनमा बस्ने मान्छे १४/१५ दिन बसेका मान्छेहरु घर फर्किन लागेका छन, शिखर नगरपालिका डोटिमा १४/१५ दिन बसेका उनीहरु हिजो र अस्थि मात्रै घर फर्केका छन त्यसतै जोरायलको अवस्था पनि त्यहि देखिन्छ के आइ सिङ गाउँपालिकाको पनि त्यहि देखिन्छ ५/७ दिन अगाडि करीब करीब ९ हजार ७ सय थिए क्वारेन्टाइनमा डोटिको अहिले ६ हजार ३ सय ३ मात्रै छ सव घर फर्कन थालिसके जसले गर्दा खेरी यसले भयाभह स्थिति आउछ हामीले यहा भनेका थियौ कि ५/७ दिन भित्र यसको व्यवस्था हुनुपर्छ भन्दा खेरी न पिसिआर र किटको व्यवस्था भएको छ । त्यसमा सरकारको ध्यान पुगेको छैन र परिस्थिति कडा नबनोस भनेर हामीले भनेका थियौ परीस्थित जटिलता तिर जान सक्छ जहासम्म मलाइ के लाग्छ भन्दा क्वारेन्टाइनमा मान्छेहरुको अवस्था दयनिय छ त्यसैले

गर्दाखेरी उनीहरुको खानपिन देखि लियर सुरक्षाका कुरामा पनि जटिलता आएको छ । अब कति महिना राख्ने परीक्षण नगरेर केहि समस्या आएका छन र अब एकातिर परीक्षणको दायरा बढाको छैन । किट दियको छैन भनेपछि अब यो समस्या त जटील भयर आइसकेको छ, अब क्वारेन्टाइन खालि हुदै छ भर्खर क्वारेन्टाइनमा बसेका मान्छे जाँदै छन अब त्यति मात्र होइन यि गड्डाचौकि देखि लियर गौरीफन्टा नाकामा पनि आएका, बिदेश बाट आएका, भारतबाट आएका ब्यक्तिहरु पनि अब मलाइ लाग्छ, अब यो प्रदेश सरकारका मन्त्रालयमा बस्छन कि जस्तो लाग्या छ किनभने अर्को अब त ठाउ पनि छैन यि बाध्यताहरु आइसकेका छन त्यसैले हामीले बारम्बार भन्यौ प्रदेश सरकारले यसमा अलि संवेदनशिल हुनुपर्यो र बजेट पनि अहिले निर्माण भैराखेको छ कोभिडलाइ आधार बनायर हामी बजेट ल्यायौ सरकार यक्लै सक्दो रहेनछ यलाइ सामुहिकता साथ सवै मिलेर कसरी न्यनीकरण गर्न सकिन्छ त्यसतर्फ लागौ र सरकारले अलि गति बढाउनु पर्छ भन्ने कुरामा सवै लागेका छौ त्यसैले मेरो आग्रह के छ भन्दा खेरी यहि तरीकाले सरकार गयो भने मलाइ लाग्छ सुदुरपश्चिम कोरोनाको सवैभन्दा ठुलो घर हुन सक्छ । त्यसैले गर्दा खेरी यो परीक्षणको दायरा पनि बढाऔ । क्वारेन्टाइनको पनि उचित व्यवस्था गरौ WHO ले दियको मार्ग दर्शन छ यो कोभिड १९ बाट संक्रमित छैन भनेर परीक्षण गरेर उस्ले घर फर्काओस जसले समाजमा सन्त्रास हुन बाट कमि हुन्छ र त्यो गाइड लाइन भन्दा हामी बाहिर नजाऔ यसको सहि ब्यवस्थापन गरौ, धन्यवाद ।

**माननीय मना कुमारी साउँद**

माननीय सभामुख महोदय, अछामको बयलपाटामा जुन दुखद घटना घटेको छ २७ बर्षिय सिद्धार्थ आउजी माथि हार्द्धिक श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु । शोकाकुल परीवार प्रति गहिरो समवेदना दिन चाहान्छु र उहाको श्रीमतीलाइ रोजगारको ग्यारेन्टि हुनुपर्छ भन्ने म सरकारसँग माग गर्न चाहान्छु र कतिपय युवाहरु बिदेशको खाडीमा मर्नुपर्ने र कतिपय युवाहरुले यहि बरेजगार र गरीबिको कारणले गर्दा आज युवायुवतीहरु मृत्युको सिकार हुन पुगेका छन । अब सरकारले गम्भिर हुन आवश्यक छ । कहिले सम्म नेपाली युवाहरुले यस्तो पिडाहरु बोक्ने हुन, कहिले सम्म मृत्युको सिकार बन्ने हुन अब यो सरकारले गम्भिर हुन आवश्यक छ र अहिले विशवमा फैलियको कोरोना महामारी छ यसलाइ नियन्त्रण गर्नको निमित सम्पुरण संघसंस्था प्रत्येक ब्यक्ति र सरकारले सवैले एकजुट भयर यो कोरोनालाइ कोरोनासँग जुद्नुपर्ने आवश्यकता छ र यो सँगसँगै बिसेस गरी अछाम जिल्लामा कोरोना सवैभन्दा बिशेस गरी अछाम जिल्लाको मिल्ले गाउपालिकामा बढि देखिएको छ । आज १४ दिन भयो मिल्ले गाउपालिकाका क्वारेन्टाइनमा बसेका उहाहरुका स्वाब संकलन गरेको १४ दिन सम्म परीक्षण हुन सकेको छैन । यो क्वारेन्टाइनमा बसेका युवाहरु छन उहाहरुको खाना खान छोडिसक्नु भएको छ उहाहरु किनकि मानसिक तनाब र टेन्सन ले उहाहरु अहिले खानाखान छोडिसक्नु भएको छ जतिसुकै काउन्सिल गर्दा पनि १४ /१४ दिन सम्म यो परीक्षण हुन नसक्नु र सायद मलाइ लाग्छ प्रदेश सरकार र संघिय सरकार र स्थानीय सरकारले

पहल कदमि गर्यो भने सवै जनताहरु बाच्न चाहान्छन र सवैलाइ बचाउनको लागि हामी ले लाग्नु पर्छ र पिसिआर मेसिन अब प्रत्येक जिल्लामा खरीद गरेर सोहि जिल्लामा यो परीक्षण गर्ने व्यवस्था गरीनुपर्छ भन्ने म सरकारसँग माग गर्न चाहान्छु । धन्यवाद ।

**माननीय मान बहादुर धामी**

अनुमति चाहान्छु खासगरेर अहिलेको कोभिड-१९ कोरोना महामारीको कारणले विश्व आक्रान्त छ । सुदूरपश्चिम पनि आक्रान्त छ । दार्चुला जिल्ला पनि आक्रान्त छ । सुदुरपश्चिम प्रदेश सरकारको माननीय सभामुख मार्फत म ध्यानाकर्षण गर्न चाहन्छु जुन क्वारेन्टाइनमा आरडिटि गर्दाखेरी पोजेटिभ आयका क्वारेन्टाइनहरुलाइ विशेष प्राथमिकताका साथ राखेर पिसिआर गर्नु पर्ने र पिसिआर मा पोजेटिभ आयका क्वारेन्टाइनलाइ अजै द्रुत गतिका साथ प्राथमिकतामा राखि परीक्षण गर्नुपर्ने सन्दर्भमा सुदुरपश्चिम प्रदेश सरकार चुकेको अनुभुति भयको छ त्यसकारणले एउटै क्वारेन्टाइनमा १०० भन्दा यबोभ मान्छेहरु बसिराखेका छन र उनिहरुमध्ये पिसिआर मा पनि केहि मान्छेहरु पोजेटिभ आइसकेपछि तिनिहरुलाइ, त्यो क्वारेन्टाइनलाइ बिशेस तार्गेट गर्नेमा सुदुरपश्चिम प्रदेश सरकार पछाडि परीराखेको अनुभुति छ प्रदेश सरकारको म ध्यानाकर्षण गर्न चाहान्छु त्यस्ता क्वारेन्टाइनको चाडो भन्दा चाडो पिसार गर्ने व्यवस्था गरीयोस । माननीय सभामुख महोदय जुन प्रकारले अहिले को लकडाउनको अवस्था छ यल्ले गर्दाखेरी बजारमा कालो बजारी अत्यन्त बढ्दो छ, यलाइ कन्ट्रोल गर्नको लागो सुदुरपश्चिम सरकारले खाद्य तथा गुणस्तर बिभाग सँग कसरी कोर्डिनेशन गरी राखेको छ? संघिय, स्थानीय सरकारहरु सँग जुन बिभाग हरु छन उनिहरु सँग कसरी आबद्ध भयर काम गरीराखेको छ यस बारेमा पनि म सुदुरपश्चिम प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । माननीय सभामुख महोदय तेस्रो बिषय भनेको हाम्रो आर्थिक बर्ष २०७७/०७८ सालको बजेट अब केहि दिन पछि हाम्रो बिचमा आउने कुरा छ यहा बजारमा हल्लाहरु आइराखेका छन, सुनिराखेका छन बजेटको पुन हामी भागबण्ड र बिलोमा टुङ्ग्याउदै छौ भन्ने कुराहरु प्रदेश सरकारको नीति र कार्यक्रम भन्दा बिपरीत कार्यक्रम आउने खतरा छ भनेर बजारमा बिभिन्न मेडियामा, बिभिन्न सामाजिक सञ्जालमा आइराखेका छन त्यसकारणले मलाइ आशा छ, मलाइ विश्वास छ सुदुरपश्चिम प्रदेश सरकारले, नेपाल सरकारको नमुना अनुसार हाम्रो दिगो बिकास लक्ष्य अनुसार बजेट बिनियोजन गर्नको लागि पनि म मान्य सभामुख महोदय मार्फत प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, किसानहरुको रोपाइ शुरु भैसकेको छ । किसान हरुले मल नपायको अवस्था छ, किसानहरु एकदम चिन्तित छन, मलखाद कहिले पाउछ हामीलाइ सोधिरहेका छन जनतालाइ जवाफ दिन हामीलाइ गाह्रो भैसकेको छ । सभामुख महोदय सरकारसँग मलखाद बिनाको रोपाइ सकिसक्यो पछि आउछ कि मल? कि धान काटिसके पछि आउछ मल र यदि प्रदेश सरकार साच्चिकै जिम्मेवार छ भने समयमा तुरुन्त मलखादको आपुर्ति गराइयोस सभामुख

मार्फत सम्बन्धित मन्त्रलायको म ध्यानाकर्षण गराउन चाहान्छु । माननीय सभामुख महोदय हाम्रो प्रदेश पनि कोरोना बाट आक्रान्त छ , कोरोना कहरको महामारी दिनानुदिन वढिरहेको छ । स्वाब टेष्ट गर्ने अवस्थामा स्वाब टेष्ट ५ दिनको लागि बन्द गरीयको सामाजिक सञ्जालमा सुचना आयको छ कोरोनाले बिकराल रुप लियको अवस्था छ कोरोनाबाट दिनहु मान्छे मरीरहेको अवस्था छ । कोरोना रोकथामको भिटियम, पिसिआरको परीक्षण दायरा बढाउनु अति आवश्यक छ । क्वारेन्टाइनमा १०० जना भेडा बाख्रा जस्तो राखियको छ । अव्यवस्थित रुपमा भएकालाई व्यवस्थित क्वारेन्टाइन बनाइ क्वारेन्टाइनमा आइसोलेसन बस्ने व्यवस्था गर्नुपर्छ । माननीय सभामुख मार्फत संघिय सरकार र प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छू माननीय सभामुख महोदय आरडिटि चेकजाँच र भयका नेगेटिभ लाइ पिसिआर चेकजाच गर्दा पोजेटिभ देखिन्छ भने आरडिटि चेकजाचको कुनै आवश्यकता छैन जस्तो मलाइ लाग्छ मानवको भविष्यमा खेलवाड गर्ने खेल जुन सुकै सरकारले तुरुन्तै बन्द गर्नपर्छ । आरडिटि चेक सरकारले तुरुन्त बन्द गर्न म माग गर्छु, कोभीड १९ कोरोना ले सिङ्गो विश्वलाइ तर्सायको अवस्था छ । सुदुरपश्चिम प्रदेशबाट निर्मुल पार्नको लागि यो दुइतिहाइको सरकारले बढि भण्दा बढि आर्थिक बर्ष २०७७/०७८ को बजेटमा व्यवस्था गर्नुपर्छ मैले नीति तथा कार्यक्रममा पनि बोलेको थिय, आज पनि बोलिराछु र निर्वाचन क्षेत्र कोष पनि कोरोना रोकथाम को खाता कोषमा जानुपर्छ मेरो माग छ । माननीय सभामुख मार्फत म सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु, धन्यवाद ।

**माननीय रण बहादुर रावल**

माननीय सभामुख महोदय, यो सन्दर्भमा धेरै पुर्ववक्ता माननीयहरुले भनिसक्नु भाछ सबभन्दा ठुलो कुरा त अहिले एकातिर रोगले गर्दा बिषम परीस्थिति सिर्जना छ भने अर्को तिर भोकले पनि त्यहि सिर्जना गर्दै छ, अर्को कुरा हामीले सुरु गरेको अन्तराष्ट्रिय अंग्रेजीबाट सुरु गरेको सोसल डिस्टेनसले गर्दा सामजिक दुरी भन्नेजुन शब्द छ । त्यो बहुतै गम्भिर शब्ध मैले देखेको छु यलाइ सामाजिक दुरीको ठाउमा भौतिक दुरी भन्दे हुन्थ्यो क्यहो अहिले त के हो भने सामजिक भन्या त छीछी दुरदुर जस्तो स्थितिले गर्दा मान्छे एक सामाजिक देखि अर्को सामाजिक दृष्टिकोणमा धेरै ठुलो निम्त्याइ राख्या छ । माननीय सभामुख अहिले क्वारेन्टाइनको सन्दर्भमा वास्तवमा कन्सर्नटेसन को व्यवस्था भयको छ मलाइ दुखका साथ भन्नै पर्छ बिभीन्न ठाउहरुमा एउटै स्थिति छ अब यलाइ स्थिति क्वारेन्टाइन भनेको त सरल जोसुकै जादाखेरी पनि सरल हुनुपर्थ्यो साधारण कमसेकम टोइलेटको व्यवस्था साधारण ओछ्यानको व्यवस्था र उपयुक्त संयम स्वास्थ्य जाचको कुराहरुउपयुक्त समय सुत्ने व्यवस्थाको हुनुपर्ने एउटा टुलो होटेल जस्तो नभय पनि हुन सकेको छैन बारम्बार भन्दा भन्दा हामी थाकिसकेका छौ । त्यसपछि अब जस्तो उदाहरणको लागि मैले हेरे टिकापुर जानकि को वडा न ९ मा हिजो भर्खर अर्को घटना भो त्यहा जब खाना छैन भनेपछि घरघरमा जान थाले, बेल्का खाना कोहि घर बाट खाना ल्याउने क्रममा चाहि वडा न ९ त्यो जानकि मा के देखियो भन्दा खेरी गाउलेहरुले नास्ता खाना तयार गर्दाखेरी त्यहाको वडाध्यक्षले त

उल्टो त्यो ल्यायर फाल्दियो रे भन्दा आफु पनि नदिने घर बाट ल्याउन पनि अप्ठ्यारो यस्तो स्थितिमा मान्छेहरु त्यहा देखियका छन । त्यसलाइ गम्भिर आपत्ति भयको छ, ध्यानाकर्षण भयको छ । त्यस्ता ब्यक्तिहरुलाइ इमिडेट कारबाहिको दायरा लिनुपर्छ र राम्रो होइन भन्ने म ठान्दछू । त्यसपछी अर्को आरडिटिको सन्दर्भमा पनि बहुतै महत्वपुर्ण कुरा छ, वास्तवमा विश्व स्वास्थ्य संगठनले पहिले देखि यो आरडिटिको सन्दर्भममा भनिसकेको हो । संघिय सरकारले किन नबुजेको हो फेरी प्रदेश सरकारले किन एडप गरीराछ? मैले बुजेको छैन यसले बारम्बार नेगेटिभ देखाउछ अनि पर गयर पिसिआर गर्दाखेरी पोजेटिभ देखाउछ र भोलि गयर यहि आरडिटिले नेगेटिभ देखाएको भोलि पोजेटिभ देखाउछ त्यसकारण आरडिटि अन्तराष्ट्रिय जगतमै फेल भैसकेको स्थितिलाइ यो सुदुर पश्चिम सरकारले एमिडेट्लि म माननीय सभामहोदय मार्फत माननीय मन्त्री जि पनि यहा हुनुहुन्छ । भोलि देखि यो बन्द गरीयोस  सकिन्छ पिसिआर गर्नुस । ल्याव  स्थापना गर्ने सन्दर्भमा डोटिमा बैतडिमा पनि भनेको थियो । अब यहा धनगढिमा एउटा ठाउमा छ र सरकारले पठायको जो ओरीजिनल छ । नक्कलि जस्तो मेसिन हरु बुजियको छ संघिय सरकारले पठायको त्यसकारण छिटोमा छिटो ल्याइयोस नभय प्राइभेट सेक्टरलाइ पनि त्यो सहयोग गर्न तयार छन । थुप्रै स्थानीय सरकार पनि किन्ने तयारमा छन त्यसलाइ सहयोग गरीयोस । आफुले नसके पनि हात खडा गरे हुन्छ, अर्को यो मृत्यु धोषणा भैसकेपछि मृतकलाइ कमसेकम राहतको धोषणा पनि तुरुन्तै हुनुपर्छ,  जस्तो लाग्छ । यहि सन्दर्भमा माननीय सभामुख महोदय एउटा शिक्षाको सन्दर्भमा १ लाख ३० हजार भन्दा बढि बिद्यार्थिहरु कलेज देखि सबै ठाउमा अहिले घरमा लकडाउनको अवस्थामा छन अब प्रबिधिको हिसाबले ८० देखि ८५% को ठाउमा इन्टरनेटको सुविधा छैन सुदुरपश्चिममा त्यसकारण अब प्रबिधिलाइ बढि प्राथमिकता दियर आउदा दिनहरुमा अब शिक्षालाइ स्कुल लेबलमै, घरमै होम स्कुल को कुराहरु देखि लियर इन्टरनेटको माध्यम गर्ने कुराहरुमा बढि प्राथमिकता यो प्रदेश सरकारले गरोस भन्ने ध्यानाकर्षण गर्न चाहान्छु । अब बन र माफियाको सन्दर्भमा बहुतै यो सरकारले अनुगमन तुरुन्त गरोस, मलाइ लाग्छ अहिले बहुत गम्भिर कुराहरु उठिराखेको छ ।  बन मा धेरै कुराहरु बढ्दै गयको छ मान्छे मार्ने धम्कि देखि लियर जङ्गल मास्ने लियर यावत कुराहरु बहुत गम्भिर कुराहरु छ त्यसै अन्तमा यो रातो किताबको सन्दर्भमा यो निस्कियका जति पनि योजना हरु छन तिनिहरु चैत्र १ गते लकडाउन भन्दा अगाडि किन हुन सकेनन्? सरकारले अहिले सम्म स्वयत पत्र जारी गरेको छैन । माननीय सभामुख महोदय आज यहि मार्फत म भन्न चाहान्छू स्वयत पत्र ल्याओस र कमसेकम यो कारणले भयन भनोस । होइन् भने त्यो पर्यटनमा दुइ करोड कति लाख करीडोरहरुका  कुराहरु थिय ति के अहिले सम्म कार्यान्वयन भयका छैनन्? कैलास द्वार भन्ने थियो त्यलाइ ठाउठाउमा राख्ने त्यो पनि छैन भयको थुप्रै कुराहरु के हो कि माननीय मन्त्री जि लगायत त्यहाको टिमले काम गर्न नसक्ने आखिर यहाको प्रदेशको जनताले दुःख पाउने काम भैरहेको छ । त्यसकारण यले समग्र रुपमा सरकारको अनुभुति प्रदेशका जनताहरुले नपाउनुको कारण यहि भएको हुनाले यसमा पुर्ण तया

खबरदारी होस र सरकारलाइ यो प्रदेश गरीमामय सभा मार्फत चिठि समेत जाओस र यो प्रदेश सभालाइ जानकारी होस, धन्यवाद ।

**माननीय रतन बहादुर थापा**

माननीय सभामुख महोदय, क्वारेन्टाइनको बारेमा अब धेरै माननीय ज्युहरुले भनिसक्नु भयको छ । वास्तवमा यो मापदण्ड अनुसार भयन भन्ने खालको कुराहरु आयको छ र यसले स्वास्थ्य रुपमा पनि धेरै सरकारलाइ घाटा गरेको स्थिति छ भने अर्को तिर हाम्रो जुन बिदेशबाट आयका जनताहरु छन जुन महान जनताहरु हुन जसलाइ हामीले मानविय कुराहरु भन्दा पनि तल्लो स्तरमा गयका छौ ट्रकहरुमा, टिप्परहरुमा लगेर राख्ने उहाहरुको व्यवस्थापन खाने पानि ट्वाइलेट कुनै व्यवस्थापन छैन उहाहरुलाइ कस्तो फिलिङ भैरहेको छ भने हामी जेल मा बस्या छौ कि क्या हो जस्तो उहाहरुलाइ भैरहेको छ । समयमा यति दिनमा मान्हरुलाइ के हुन्छ भने बाहिर बसेको बिदेशमा बस्या मान्छे लाइ होम घरमा जाउ वहा पनि दुख पायर आयका मान्छेहरु कमसेकम आफ्नो घरका परीवारलाइ भेटौ भन्ने छटपटिमा आयर तुरुन्त लगेर क्वारेन्टाइनमा राखिन्छ र त्यसको खासै मापदण्ड अनुसार व्यवस्था भयको देखेको छैन त्यसकारण हामीले रीस्क लिनुपर्ने अवस्था के छ भने अब जति जना छन उनिहरुको छिटो परीक्षण गर्ने र बाकि आउनेलाइ हामीले होम क्वारेन्टाइनमा किनभने अरु देशहरुमा सबै ठाउमा त्यसतो देखियको छ । हाम्रो नेपालमा त्यसरी राखियको छैन आइसोलेसन बेडहरुको बरु व्यवस्थापन गर्ने र प्रत्येक घरमा मान्छेहरुले आफ्नो एउटा कोठामा राख्दिदा खेरी र घरकै खानाहरु खायो भने पछि घरमा पनि आनन्द सँग बस्न सक्छ र क्वारेन्टाइनमा बस्दाखेरी के हुन्छ? रोगि र रोगि नभयको मान्छे पनि सबै रोगि जस्तो गर्ने र अपहेलना हुनाले यो गम्भिर हामीले एकदमै सोच्नुपर्ने कुराहरु छ सरकार देखि सबै तहले र अर्को कुरा के छ भने जस्तै यो कोरोनाको नामबाट ब्यापक खर्च हरु पनि भयको छ । यसलाइ व्यवस्थापन गर्नुपर्ने देखियको छ, हामीले अब बिदेश बाट आयको मान्छेलाइ, अछाँमको घटना बाट हामीले के शिक्षा लिनुपर्छ भने आज रोजगारीको लागि मान्छेहरु ज्यान दिन तयार छन भने पछि हाम्रो अवस्था के छ यले ठुलो अन्तराष्ट्रिय जगतमा नेपाललाइ एउटा ठुलो यो एउटा संकेत गरेको छ । ठुलो घटना घटेको छ  यस्ता घटना हरु धेरै घट्न सक्छन भन्ने कुरा यले सन्देश दिन्छ र यलाइ हामीले सामान्य रुपमा नसोचेर ठुलो यलाइ गम्भिर रुपमा सोच्न आवश्यकता छ । अर्को हामी दार्चुलाको घटनामा अस्पतालमा एड्मिसन नलियर, एड्मिट नगरायर फिर्ता गरायर मृत्यु भयको कुरा हामी दार्चुलाको घटना सुन्यौ केहि दिन अगाडि माननीय ज्युले भन्नु भयो भने बेला हामीले अस्पतालमा मान्छेहरुलाइ राख्न सक्दैनौ भने हाम्रो तल्लो स्तरको मानवियता मान्छेलाइ अस्पताल बाट एड्मिट नगर्ने भने त त्यो  स्तरको हाम्रो अवस्था आइसकेको छ । अहिले हामी बिरामी भयो भने भर्ना गर्ने ठाउ छैन । ठाउको ठाउ अस्पतालै नगयर मान्छेहरुको मृत्यु हुने अवस्था छ । त्यसकारण यो कुराहरुलाइ एकदमै हामीले सोच्नुपर्ने अवस्था छ र अब होम क्वारेन्टाइनको ब्यवस्थापन गर्नुपर्छ जस्तो मलाइ लागेको छ । यति गर्दाखेरी अब आउने

जति पनि न तिन लाइ व्यवस्थापन गर्न सकिन्छ र अर्को कुरो के छ भने जस्तै हाम्रो यो पिसिआर जाच गर्ने मेसिन कति पर्छ अब मार्केटमा स्वाभाभिक रुपले त्यसको डिमान्ड बड्छ भने त्यसको मुल्य बड्छ । त्यो इकोनोमिकल्लि कुरा हो अहिले डिमान्ड बढि छ भने त्यसको मुल्य बढि होला तर कति पर्च त कोहि ५० लाख, कोहि ४० लाख भन्ने आको छ र एउटा जाच गर्दाखेरी कति पर्छ त्यसको निकालौ सरकारले गर्दा खेरी कति पर्छ र यहि रुपमा हामीले प्राइभेटलाइ दियो भने त यहा १०, २० मेसिनहरु ल्याउन सक्छन प्राइभेटले किनभने हामीले उलाइ आम्दानी हुन्छ उस्को क्याल्कुलेशन गर्छ उस्ले प्राइभेटलाइ दियर हामी जहा पनि त डायनिसिस गर्न सक्छौ यो अलिकति सोच्दाखेरी या हामीले तुरुन्त किन्नुपर्यो सरकारलाइ समस्या छ भने कति एकजना बराबर कति खर्च लाग्छ त त्यो हामीले दियो भने छिटै हुनसक्छ र मान्छेहरुलाइ दुखबाट मुक्त हुन सकिन्छ । अहिलेको मुख्म समस्या भनेको नै बिकासहरु गर्नु भन्दा पनि हाम्रा जनताहरुलाइ जुन महान जनताहरु छन जसले नेपाल निर्माणमा उनिहरुको भुमिका छ बिदेशमा गयर कमायर आफ्ना छोराछोरी पालेका छन नेपाल सरकारले व्यवस्थापन गर्न सकेको छैन भने उहाहरुलाइ हामीले सम्मान कसरी गर्न सकिन्छ । यहि नै अहिले मुख्य दायित्व हो भन्ने कुरा राख्दै मेरो कुरा अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय कोरोना करहले आज हाम्रो देश एकदमै आक्रान्त छ यसै सन्दर्भमा म प्रदेश सरकारलाइ बिनम्रता साथ आधग्रह गर्न चाहान्छु । हामीसँग भेन्टिलेटर लागायत स्वास्थ्य सामग्री पनि अभाव रहेको छ एकातिर हिजो बाट सञ्चार मेडियामा ६ जना कोरोना पोजेटिभ ब्यक्तित्व लाइ घर फर्कायको कुरोले सुदुरपश्चिम वासी जनता एकदमै त्रसित भयका छन कि? उहाहरुलाइ फर्काउदा जसमा कोरोना पोजेटिभ देखिएर लक्षण देखियको छैन कडा प्रकृतिको लक्षण देखियको छैन ति परीवारका ति कोरोना पोजेटिभका घर परीवारहरुलाइ काउनसिलिङ गरेर र समाजलाइ समेत काउन्सिलिङ गरेर मात्रै घर फर्काउनका लागि पनि म अनुरोध गर्न चाहान्छु यल्ले गर्दा हाम्रो पछिल्लो ढाइ महिनाको लकडाउनको अवधिमा कम्ति मा थुप्रैले आत्मा हत्या गरेका छन जस्तै हामी अछामकै बयलफाटाकै कुरालाइ पनि लिन सक्छौ रोगले भन्दा पनि जनता सोकले संकटमा परेको हामी प्रदेश सभाका सदष्यले पनि अनुभव गरेका छौ । अनुभुति गरेका छौ त्यसैकारण बरु स्वास्थ्य चौकिहरु हामी सामुदायिक स्वास्थ्य एकाइ भन्छौ तपाइको बर्थिङ सेन्टर भन्छौ बरु त्यसैमा राख्ने गरीकन पनि त्यहा अहेब र अनमिको कम्तिमा निगरानिमा पनि रहने गरी उहाहरुलाइ काउन्सिलिङ गरेर मात्रै घर फर्काउनका लागि म पर्देश सरकारलाइ बिनम्र अनुरोध गर्न चाहान्छु । अर्को कुरा हामीले स्वयम सेवक परीचालनको कुरा पनि हाम्रो बजेटमा आयको छ म माननीय सभामुख मार्फत प्रदेश सरकारलाई स्वयम सेवकमा हाम्रो पहिलो संकट स्वास्थ्य भयका कारणले हामीसँग थुप्रै डक्टर हरु छन पास गरेका थुप्रै तपाइको डक्टरहरु अनमि अहेव लगायतका एम बिबियस लगायतका डक्टरहरु पनि काम नपायर बसेका पनि देख्दछौ यिनिहरुलाइ त्यो क्षेत्रमा

जिम्मेवारी दियर तत्काल परीचालन गर्नका लागि पनि म बिशेस अनुरोध गर्न चाहान्छु । माननीय सभामुख महोदय बझाङ जिल्लाले अस्ति मात्रै निर्णय गरेको छ बझाङ जस्तो दुर्गम हिमाली जिल्लाले धनगढी आयर यत्रो ३२, ३५ जना क्वारेन्टाइनमा हुनुहुन्छ । उहाहरुको पिसिआर परीक्षण गर्न नसकिने भयो गाह्रो भयो जिल्लालाइ व्यवस्थापन गर्न मेसिन खरीद गर्ने कुरा गरेको छ जिल्ला व्यवस्थापन समितिको निर्णयले स्थानीय तह जिल्ला समन्वय समिति र नगरपालिका सवै मिलेर र हाम्रो जोडदार माग छ सम्बन्धित सामाजिक बिकास मन्त्रालयलाइ यो सदनबाट म विशेस अनुरोध पनि गर्न चाहान्छु ल्यावका लागि सकेसम्म डक्टरको पनि व्यवस्था गरीयोस यो बजेटमै बिलम्व राखियोस भन्ने अनुरोध गर्न चाहान्छु र अन्तमा जुन हाम्रो पछिल्लो चरण यो एकदमै राहतको प्रकृयामा अज फेरी एकदमै गरी खाने बर्ग मजदुर बर्ग सबैभन्दा बढि संकटमा छन कृषि क्षेत्रका किसान झन एकदमै बढि संकटमा छन झन बझाङ जिल्ला दुर्गम जिल्लाहरुमा त विउ हामीले पायका छैनौ मल हामीले पायका छैनौ भन्ने कुरा जन गुनासो आइराखेको छ यसको पनि छिटोभन्दा छिटो भण्डारण गरीयोस प्रदेश सरकारलाइ अनुरोध गर्न चाहान्छु र अन्तमा मैले पहिला पनि भन्या थिय हामीले एकातिर आर्थिक रुपमा आत्मा निर्भर स्वरोजगार बनाउने कुरा उठायका थियौ तर तालिम केन्द्रहरु कैलाली र कञ्चनपुरमा मात्रै सिमित छन सातवटै जिल्लामा तालिम केन्द्र निर्माण गरी अहिले भारतबाट आउने तेस्रो मुलुकबाट आउने थुप्रै युवाहरु बेरोजगार हुनुहुन्छ । यसै बजेटसँग जोडेर बझाङ जिल्लामा पनि तालिम केन्द्र खोलियोस भन्न चाहान्छु, धन्यवाद।

**माननीय शुशिला बुढाथोकी :-** माननीय सभामुख महोदय, कोरोनाको कहर दिन दिनै बढिरहेको अवस्था छ । हाम्रो यो प्रदेश रहेको सम्पुर्ण क्वारेन्टाइनहरु अव्यवस्थित छ र स्थानीय तहका सबै बिद्यालयहरु भरी भराउ छ एउटा कोठामा धेरै मान्छेहरु कोचेर राखेको छ । त्यसकारणले गर्दा छिटो भन्दा छिटो चेकजाच गराउनु पर्ने म सभामुख मार्फत अनुरोध गराउन चाहान्छू आरडिटि भर्पर्दो नभयको हुदा यो विधिलाइ रोक्नुपर्ने र पिसिआरको दायरा बढाउनु पर्ने र त्यसको लागि ९ जिल्लामा पर्योगशाला स्थापना गर्नुपर्ने भन्ने म सभामुख मार्फत माग गर्न चाहान्छु । धनगढी उपमहानगरपालिकाका मा रहेका वडा क्वारेन्टाइनमा रहेका दाजुभाइ दिदि बहिनिहरु र नानि वावु हरु जम्मा १७ सय जना हुनुहुन्छ ति मध्ये २५० महिला र ३० जना बच्चाहरु छन र आरडिटि टेष्ट नेगेटिभ भयका ३५ जना हुनुहुन्छ र उहाहरुको पिसिआर छिटो भन्दा छिटो गर्न भनि माग राख्न चाहान्छु किनभने उहाहरु पोजेटिभ भैसकेपछि उहाहरु मानसिक तनावमा हुनुहुन्छ किनभने हामीलाइ कोरोना लागि सकेको छ कसैले वास्ता गरेन भण्ने तनावमा हुनुहन्छ र पिसिआर गर्ने कुनै पनि अवस्था नदेखियको कारण उहाहरु अतासिनु भएको छ र म के भन्न चाहान्छु भने स्थानीय पालिकाका जनप्रतिनिधिहरु अहोरात्र फिल्डमा खटिराख्नु भाको छ हाहरुको कुनै किसिमको सुरक्षा देखियको छैन उहाहरुको स्वास्थ्यमा ध्यानदिनुपर्ने उहाहरुलाइ विमा को व्यवस्था उहाहरु लाइ मास्क, सेनिटाइजर र फल्ड भत्ताको व्यवस्था गर्नु पर्ने छ भन्ने म सभामुख माग राख्न चाहान्छु र अहिले किसानहरुको खेति लाउने वेला भयको छ र अहिले विउ हरु त उपलब्ध भैसकेको छ र

अहिले मलको अभाव भैराखेको छ । त्यसकारणले गर्दा यहाँका किसानहरुलाइ मलमा सहच पहुँच पुग्ने गरी मल उपलब्ध गराइदिनहुन म सभामुख मार्फत माग राख्न चाहान्छु, धन्यवाद ।

३. **माननीय सदस्यहरु,**
आजको शून्य समय यही समाप्त हुन्छ ।

४. **माननीय सदस्यहरु,**
"प्रदेश सभा नियमावली, २०७४ को नियम ८४ बमोजिम "सन् १८१६ को सुगौली सन्धी काली नदी पूर्व नेपाली भू-भाग भनी स्पष्ट किटानी गरेकोमा नेपालको सार्वभौमिकता र अखण्डता प्रति निष्टावान भउर नेपाल सरकारले आधिकारकि नकशा जारी गरेकोमा धनयवाद दिदै हामी जनप्रतिनिधीहरु हाम्रो भूमिलाई कसैबाट एक ईन्च पनि मिच्न दिनु हुदैन भन्ने कुरामा दृढ संकल्पित छौ । लिम्पीयाधुरा, लिपुलेक र कालापानी क्षेत्र हाम्रो भएको र त्यो क्षेत्रमा रहेका भारतीय सेनाले यथाशीघ्र छोड्नु पर्छ भन्ने पक्षमा छौ तसर्थ यो प्रदेश सभा मार्फत केन्द्र सरकारलाई अनुरोध गरी मिचिएको भूमि अविलम्ब फिर्ता गराउन राष्ट्रिय अखण्डतालाई जेगाउन कूटनीतिक माध्यमबाट बार्ता गरी समस्या समाधानका लागि यो संकलप प्रस्ताव पेश गर्दछौ ।" भनी प्रस्तावक माननीय कर्ण बहादुर मल्ल र माननीय गेल्बु सिंह बोहराले मिति २०७७।०२।२१ गते सचिवालयमा संकल्प प्रस्ताव दर्ता गराएको जानकारी गराउछु ।

५. **माननीय सदस्यहरु,**
अब म उक्त प्रस्तावका प्रस्तावक माननीय सदस्यहरुलार्य प्रस्ताव प्रस्तुत गर्न समय दिनछु ।
मननीय कर्ण बहादुर मलल,
माननीय सभामुख महोदय प्रदेश सभा सचिवालय सुदुरपश्चिम प्रदेश धनगढी कैलाली विषय संकल्प प्रस्ताव सन १८१६ को सुगौलि सन्धिले काली नदि पुर्व नेपाली भुमि भनि स्पष्ट किटानी गरेको मा नेपालको सार्वभौमिकता र अखण्डता प्रति निष्ठावान भयर नेपाल सरकारले आधिकारीक नक्सा जारी गरेको मा धन्यवाद दिदै हामी जनप्रतिनिधिहरु हाम्रो भुमि लाइ कसै बाट एक ईन्च पनि मिच्न दिनुहुदैन भन्ने कुरामा दृढ संकल्पित छौ । लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र हाम्रो भयको र त्यो क्षेत्रमा भयका भारतीय सेनाले यथाशिघ्र छोड्नुपर्छ भन्ने पक्षमा छौ तसर्थ यो प्रदेश सभा मार्फत केन्द्र सरकारलाइ अनुरोध गरी उक्त मिचियको भुमि अविलम्व फिर्ता गराउन र राष्ट्रिय अखण्डतालाइ जोगाउन कुटुनीतिक माध्यमबाट वार्ता गरी समस्या समाधानका लागि यो संकल्प प्रस्ताव पेस गर्दछु, धन्यवाद ।

**माननीय गेल्बु सिंह बोहरा**
माननीय सभामुख महोदय संघिय सरकारले हिजो मात्र लिम्पियाधुरा, लिपुलेक, कालापानी लाइ समेटेर नेपालको संविधान शंसोधन गरी सो क्षेत्रलाई समेटेर निशाना छाप संसदबाट पारीत गरेको छ त्यसको लागि म सम्माननीय प्रधानमन्त्री ज्यु लगायत संघिय सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छू । माननीय सभामुख महोदय प्रदेश सभा सचिवालय सुदुरपश्चिम धनगढी, कैलालि
विषय संकल्प प्रस्ताव प्रस्ताव
सन १८१६ को सुगौलि सन्धिले काली नदि पुर्व नेपाली भुमि भनि स्पष्ट किटानी गरेको मा नेपालको सार्वभौमिकता र अखण्डता प्रति निष्ठावान भयर नेपाल सरकारले आधिकारीक नक्सा जारी गरेको मा धन्यवाद दिदै हामी जनप्रतिनिधिहरु हाम्रो भुमि लाइ कसै बाट एक ईन्च पनि मिच्न दिनुहुदैन भन्ने कुरामा दृढ संकल्पित छौ । लिम्पियाधुरा लिपुलेक र कालापानी क्षेत्र हाम्रो भयको र त्यो क्षेत्रमा भयका भारतीय सेनाले यथाशिघ्र छोड्नुपर्छ भन्ने पक्षमा छौ तसर्थ यो प्रदेश सभा मार्फत केन्द्र सरकारलाइ अनुरेध गरी उक्त मिचियको भुमि अविलम्व फिर्ता गराउन र राष्ट्रिय अखण्डतालाइ

जोगाउन कुटुनीतिक माध्यमबाट वार्ता गरी समस्या समाधानका लागि यो संकल्प प्रस्ताव पेस गर्दछु, धन्यवाद ।

६. **माननीय सदस्यहरु,**

अब म उक्त प्रस्तावका समर्थक माननीय सदस्यहरुलार्य प्रस्तावको समर्थन गर्न समय दिनछु ।

**माननीय लाल बहादुर खड्का**

माननीय सभामुख महोदय, प्रस्ताव सन १८१६ को सुगौलि सन्धिले काली नदि पुर्व नेपाली भुमि भनि स्पष्ट किटानी गरेको मा नेपालको सार्वभौमिकता र अखण्डता प्रति निष्ठावान भयर नेपाल सरकारले आधिकारीक नक्सा जारी गरेको मा धन्यवाद दिदै हामी जनप्रतिनिधिहरु हाम्रो भुमि लाइ कसै बाट एक ईन्च पनि मिच्न दिनुहुदैन भन्ने कुरामा दृढ संकल्पित छौ । लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र हाम्रो भएको र त्यो क्षेत्रमा भएका भारतीय सेनाले यथाशिघ्र छोड्नुपर्छ भन्ने पक्षमा छौ । तसर्थ यो प्रदेश सभा मार्फत केन्द्र सरकारलाई अनुरोध गरी उक्त मिचियको भुमि अविलम्व फिर्ता गराउन र राष्ट्रिय अखण्डतालाइ जोगाउन कुटुनीतिक माध्यमबाट वार्ता गरी समस्या समाधानका लागि यो संकल्प प्रस्ताव पेस गर्छौ । भनि माननीय कर्ण सिँ मल्ल र माननीय गेल्बु सिँह बोहराले पेस गर्नु भयको प्रस्ताव को पक्षमा समर्थन जनाउछु, धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय आज गरीमामय सदनमा अत्यन्तै महत्वपुर्ण संकल्प प्रस्ताव पेस भयको छ राष्ट्र र सुदुरपश्चिमको लागि यो गौरवको क्षण हो भनेर म यहा भन्न चाहान्छु । सर्वप्रथम त सम्माननीय प्रधानमन्त्री ज्युले नेपालको भुमिलाइ अतिक्रमण गरेको थियो भारतले त्यलाइ नेपालको नक्सामा समावेश गर्ने जुन आट गर्नु भएको छ त्यलाइ म हृदय देखि उहाँलाई धन्यवाद दिन चाहान्छु । त्यो आँट गर्नु भो, उहाले त्यसको लागि उहा धन्यवाद को पात्र हुनुहुन्छ । अब हाम्रो उद्येश्य भनेको आफ्नो भुमिलाई वैधानिक तरीकाले फिर्ता ल्याउने, त्यसमा आज सम्पुर्ण राजनैतिक दल नेपालका र सिङ्गो जनता उहाको कदममा एकता बद्द भयको छ । त्यति मात्र होइन आज उहासँग दरीलो सरकार छ दुईतिहाइको त्यस्तो वेला दुईतिहाइको दरीलो सरकार सिङ्गो यो देशको जनता यो एजेण्डाको पक्षमा छ त्यसैले सार्थक वार्ता गरेर हाम्रो जो भारतले हडपेको जो भुमि छ त्यलाई अविलम्ब हामीले फिर्ता गर्न सक्ने अवस्था पनि छ । अब यलाइ राजनैतिक मुद्दा होइन यलाइ परीणाम मुखि बनाउनै पर्छ, यदि उहाले यलाइ परीणाम मुखि बनाउन सकेन भने नेपालले कहिल्यै सक्दैन । त्यसैले उहाले यलाइ परीणाम मुखि बनाउन सक्यो भने नेपालमा उहा एउटा ऐतिहासिक पुरुष हुनुहुन्छ त्यसैले यो अवसर उहालाइ प्राप्त छ र आज राष्ट्रिय गौरव र महत्वका विषयका साथसाथै सुदुरपश्चिम बासिको आफ्नो आगन मिचिएको छ यस्लाइ हामीले जब भारतले आफ्नो राजनीतिक नक्सामा त्यलाइ प्रकाशन गर्दै हामीले यहा संकल्प प्रस्ताव पेश गरेका थियौ । प्राविधीक कारणले त्यो ढिलाइ भो, ढिलाइ भय पनि आज सिङ्गो सदन सुदुरपश्चिमको यकमत छ र

जुन संकल्प प्रस्ताव पारीत भै सकेपछि संघिय सरकारलाई यसले ठुलो बल पुर्याउछ । त्यसैले माननीय कर्ण बहादुर मल्ल ज्यु र माननीय गेल्बु सिँ बोहरा ज्युले जो प्रस्ताव राख्नु भएको छ त्यलाइ म दृढताका साथ समर्थन गर्दछु, धन्यवाद ।

**माननीय मालामती कुमारी राना**

माननीय सभामुख महोदय माथि उल्लेखित भय बमोजिम माननीय कर्ण बहादुर मल्ल र माननीय गेल्बु सिँ बोहरा प्रस्ताबक हुनुभयको यस प्रस्तावको म समर्थन गर्दछु, धन्यवाद ।

७. **माननीय सदस्यहरु,**

ऋब म, माननीय कर्ण बहादुर मलल र माननीय गेलबु सिंह बोहराले प्रस्तुत गरेको संकलपप्रस्ताव मार्था सभामा छलफल गरियोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

इसको पषमा हुने माननीय सदस्यहरुले “हुनछ“ भननुहोला र यसको विपषमा हुने माननीय सदस्यहरुले “हुनन“ भननुहोला ।

इसको पषमा हुने माननीय सदस्यहरु ”हुनछ“ भननुहोस ।

**(“हुनछ“ भनेपछि)**

इसको विपषमा हुने माननीय सदस्यहरु ”हुनन“ भननुहोस ।

**(“हुनन“ भनेपछि)**

”हुनन“ भनने आवाज सुनिउन तसर्थमाननीय कर्ण बहादुर मलल र माननीय गेलबु सिंह बोहराले प्रस्तुत गरेको संकलप प्रस्ताव माथि सभामा छलफल गरियोस भनने प्रस्ताव सर्वसममतलि स्वकिृत भउको घोषणा गर्दछु ।

८. **माननीय सदस्यहरु,**

अब संकल्प प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । सर्व प्रथम माननीय लिलाधर भट्ट लाई समय दिन्छु ।

माननीय सभामुख महोदय, आज हामी इतिहासकै सबैभन्दा बढी बिशिष्ट परीस्थितिमा यो गरीमामय सदनमा उपस्थित भएका छौ । नेपालको भुमि लिम्पियाधुरा, लिपुलेक र कालापानीमा भारती सैनिक हस्तक्षेपका बिरुद सम्पुर्ण नेपाली जनता र नेपाली सम्पुर्ण राजनैतिक दल एकता भयको यो अहिलेको अवसर इतिहासमै दुर्लभ हुने अवसरमा हामी यहाँ उपस्थित भयका छौ र लोकतान्त्रिक मुलुक हरुमा एकदमै कम देखिने देशका सम्पुर्ण राजनैतिक दल यउटै मतमा देखियको, यो अहिले अवस्थामा देशलाइ सार्बभौमिक अखण्डता राख्नको लागि आफ्नो ज्यानको आहुती दिने सहिद हरुलाइ म नमन गर्न चाहान्छु । र हाम्रो देशको टाउको माथि बिदेशी सैनिकहरुले बुट बजारीदै गर्दा दशको देखि नेपाली आमाले जो पिडा महसुस गरेको थियो त्यो पिडाबाट मुक्ति पाउने को लागि अहिलेको संघिय सरकारले सम्पुर्ण राजनैतिक दलका साथ सहयोगले र नेपाली जनताको सहयोगले अहिलेको नेपालको राजनैतिक नक्सा जुन जारी गरेको छ र नेपालको नक्सा जारी गरीसकेपछि हिजो मात्रै संविधानको दोस्रो संसोधन को निशाना छाप परीवर्तन गर्न संघिय संसदमा राखियको सैध्दान्तिक विषयमा सम्पुर्ण राजनैतिक दलहरुले सर्व सम्मत रुपमा पारीत गरेको कुरालाइ म

धन्यवाद दिन चाहान्छु । कुनै बेला फुटाउ र राज गर भन्ने ब्रिटिस साम्राज्यले समेत नेपाली हरुलाइ समेत यो नियम लागु हुन सक्दैन भन्ने प्रमाणित भैसकेपछि पनि अहिले आयर नेपालको आन्तरीक  मामलामा हस्तक्षेप गर्न दलहरुको प्रयोग गर्न सकिन्छ कि भन्ने षडयन्त्र कारी कुदृष्टि लगाउने विदेशि सक्तिहरुले पनि नेपालका राजनैतिक दल र नेपाली जनतालाइ टुक्रयाउन सकिदैन भन्ने कुरा हिजो कुरा प्रस्ताव र संकल्प प्रस्ताव र आज हामी संकल्प प्रस्ताव सर्वसम्मत रुपमा यो गरीमामय सदनमा पेस गरेका छौ यसले पनि ति कुदृष्टि हरु असफल हुने छन र ति नेपाल र नेपाली हमेसा स्वतन्त्र थिय र स्वतन्त्र रहनेछन भन्ने कुरा प्रमाणित भयको छ सभामुख महोदय सन १८१६ मार्च ४ का दिन तत्कालिन नेपाल सरकार र ईष्ट ईन्डिया कम्पनिक बिच सुगौलि सन्धि भयको थियो सो सन्धिको धारा ५ मा लेखियको थियो नेपालका राजा महसुफ र स्वयमका लागि र महसुफका उत्तराधिकारी वा वारीस हरुको लागि काली नदिका पश्चिममा पर्ने देश हरु सित सम्बन्ध दाबिहरु परीत्याग गरी बक्सिन्छ र यो यो देशहरुका र ति बासिन्दाहरु सित कहिले पनि कुनै चासो राखिने छैन भने धारा ५ मा उल्लेख गरीयको छ त्यसको अर्थ थियो काली नदि जसलाइ हामी महाकाली नदि भन्छौ त्यसको पश्चिमपट्टिको भाग जो अहिले भारत भयको छ त्यलाइ हाम्रो नेपालले चासो राखिने छैन र त्यो भन्दा यताको भुभाग नेपालको हो भनेर त्यसको धारा ५ मा एकदमै स्पष्ट रुपमा लेखियको छ।  सभामुख महोदय त्यस क्षेत्रका केहि बासिन्दा हरुले हामी नेपालतिर पर्यौं भनेर सन १८१७ फेब्ररी ४ का दिन ईस्ट ईन्डिया कम्पनिका कार्यबाहक मूख्य सचिव जे आतुङले आफ्नो काठमाँडौ स्थित आवासिय प्रतिनिधि एडवर्ड गार्डोरलाइ पठायको पत्रमा लेखेका थिय काली नदि पुर्वमा पर्ने ब्यास चौगुना चौतारीयाका बम शाहको दाबि अनुसार उक्त भुभाग नेपालमा ठहरीन्छ र त्यसर्थ त्यो ठाउ नेपाल सरकारका प्रतिनिधिहरुलाइ बुजाउनु भनि ईष्ट ईन्डिया कम्पनिका तत्कलिन सचिवले नेपालका आफ्ना प्रतिनिधिलाइ त्यो भुभाग नेपालको हो भनेर लेखेको एतिहासिक पत्थर पनि नेपालसँग सुरक्षित रहेको छ भन्न म चाहान्छु । सभामुख महोदय यसै गरी सन १८३७ मा जेवि टान्सेनले अरवि भाषामा प्रकाशित गरेको नक्सामा समेत लिम्पियाधुरा काली नदिको उद्गम स्थल हो भने प्रष्ट लेखियको र सन १८५८ मा भारतीय ले जर्नलको नक्साले लिम्पियाधुरा नै काली नदिको उद्गम स्थल हो भन्ने प्रष्ट गरी सकेपछि लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भुभाग हो र रहेको स्पस्ट रुपमा देख्न जाहिन्छ बि.स. २०१८ साल को जनगणनाले पनि त्यो क्षेत्रका बासिन्दा नेपालको भयको र त्यो क्षेत्रमा कर तिरेको प्रमाण हरु स्पस्ट रुपमा देखिन्छन अहिलेको आधुनिक बिज्ञानको नियमअनुसार पनि काली नदिको उद्गम स्थल लिम्पियाधुरा हो भन्ने प्रस्ट रुपामा देखायको छ सभामुख महोदय सन १९५५ तिर कालापानीमा भारतीय सुरक्षा पोर्टको स्थापना भयको प्रमाण हरु भेटिन्छन बिभिन्न इतिहास कारणले १९६२ पछि नेपाल को कालापानीमा भारती पोर्ट बसेका छन भन्छन तर इतिहासका पृस्ट तथ्याङ्क हरुले हेर्दाखेरी १९५५ देखि नै त्यहा चेकपोस्टको रुपमा नेपाली भु-भागलाइ भारतीय हरुले अतिक्रमण गरेर चेक पोष्ट राखेको तथ्य देखिन्छन । यसरी भारतले नेपाली भुभागमा अतिक्रमण गरी सैनिक क्याम्प स्थापना गरेपछि बि.स

२०३०/०३१ मा तत्कालिन प्रधानमन्त्री नरेन्द्र रीजाल को मन्त्री मण्डलमा सहायक बन मन्त्री रहेका राष्ट्रबादि जनजाती नेता बहादुर सिँ यदवाल ले राष्ट्रिय सभामा यो बिषयलाइ उठान गरेको देखिन्छ र त्यसैबेला भारतको उत्तर प्रदेश का मुख्यमन्त्री हेलन्ति बहु बुढालाई समेत अतिक्रमण बारे ज्ञापन दियको थियो । यसरी भारतीय अतिक्रमणको बिरोध गर्दा तत्कालिन मन्त्री यदवाललाई भारतले आफ्नो क्षेत्रबाट व्यास जान प्रतिबन्द लगायको थियो त्यही प्रतिबन्दलाइ उहाले त्यो प्रतिबन्दको कडा मुकाबला गर्दै त्यहि बेला खडानन्द र व्यासको बाटो गोरेटो बाटो काटेको पनि देखिन्छ । सभामुख महोदय २०४६ सालको प्रजातन्त्र पुनर्स्थापना पछि दार्चुला जिल्लाका सांसद एवम राष्ट्रवादि नेता स्वर्गिय प्रेमसिँ धामिले सांसदमै कालापानी काठमान्डौलाइ किन दुख्दैन भनि बोलेको थिय र यो मुद्दा त्यहि बेलादेखि राष्ट्रिय स्तरको मुद्दाको रुपमा उठ्दै गयको इतिहास देखाउछ । स्वर्गिय राष्ट्रवादि नेता धामिले यो विषय उठान गरीसकेपछि नेपालको पत्रपत्रिका र संगठित रुपमा यो आन्दोलनको एउटा सुरुवात भयको पनि इतिहासले देखाउदछ । माननीय सभामुख महोदय त्यहि बेला २०५४ साल कार्तिक महिनामा संगठित रुपमै भारतको पिथरा गढमा बस्ने अखिल भारत स्वतन्त्र बिद्यार्थि युनियन का बिद्यार्थि नेताहरु ले पहिलो पटक संगठित रुपमा २०५४ साल मंशिर ४ गतेका दिन मा दार्चुलाको खलङ्गमा महाकाली स्तरीय कालापानीको यथार्थ र नेपालको राष्ट्रिय हित स्तरीय गोष्ठि सम्पन्न गरेको र त्यहि गोष्ठिबाट तत्कालिन कञ्चनपुरका जिविस सभापती ऋषीलाल रम्सालिले जेबि टान्सेनको नक्सा सहित र कार्यपत्र प्रस्तुत गरीसकेपछि त्यो कार्य गोष्ठिमा म आफु पनि संलग्न र त्यो कार्यक्रमको अगुवाइको रुपमा रहदा आज त्यहि पिथरवा मा बसि भारतका बिरुद कालापानी नेपालको हो भन्ने आन्दोलनमा अनेरा सबि तत्कालिन अनेरासबिले भारतमै यसको बिरोध सुरु गरेपछि २०५५ सालमा कञ्चनपुर कालापानी र काठमान्डौ कालापानी माज उपाज भयका थिय जब नेपालमा देश भरी नै कालापानी मार्च पास पेस गरीसकेपछि तत्कालिन राजनैतिक दलले पनि यो लाइ मुद्दाको रुपमा बनाउदै आज यो मुद्दा सिङ्गो राष्ट्र र सिङ्गो राजनैतिक दलहरुको मुद्दा बनेको मा सम्पुर्ण नेपालीको लागि गर्वको मुद्दा बनेको छ र् त्यो अभियान कर्ताको रुपमा आज भन्दा २३ बर्ष पहिले म एउटा बिद्यार्थिको रुपमा सहभागि भयको बिद्यार्थि हैसियतले पनि मैले गर्व महसुस गरेको छु । सभामुख महोदय नेपालको आफ्नो अतिक्रमण को भुमि सहितको राजनैतिक नक्सा जारी गरी संघिय संविधान संसदमा संविधान संशोधन प्रस्ताव सर्बसम्त सैदान्तिक सहमति भै अगाडि बढिरहेको छ । सभामुख महोदय यस यतैहासिक गरीमा राजनैतिक दलहरुले बिगतका तिता मिठा लाइ थाति राखेर अब भुमि फिर्ताको लगि कुटुनीतिक तयारीका साथ अगाडि बड्नु पर्छ र साथै यसबाट आउन सक्ने चुनौतिको सामना गर्नका लागि सवै प्रकारका तयारी गर्न पि म संघिय सरकारलाइ हार्दिक अनुरोध गर्न चाहान्छु साथै सिमा क्षेत्रमा रहेका सिभिल सिपाहि नागरीकहरुलाइ पर्न सक्ने सवै प्रकारका अप्ठ्याराहरुको लागि संघिय सरकार प्रदेश सरकार र स्थानीय सरकार ले तयारी गर्नुपर्ने देखिन्छ । व्यास लगायतका यो क्षेत्रका जनता हाल खाद्यान्न मा समेत अभाव हुन गयकोले औषधिको पनि अभाव हुन जाने

देखियकोले संघिय सरकारलाई समन्वय गर्ने गरी औषधी आपुर्ति सुरक्षा पोस्ट को व्यस्थापन र सञ्चारको सुगमताको लागि म संघिय सरकारसँग म जोडदार माग गर्न चाहान्छु सभामुख महोदय नेपाल स्वतन्त्र र थियो र छ र रहनेछ अन्य देश हरुमा पनि नेपाली बिरहरुले अरु देशको सिमा रक्षाको लागि ज्यानको बाजी लगाउने गोर्खा भर्ती अब नेपालले तत्काल रुपमा बन्द गरेर अगाडि बढ्नुपर्छ वेला आइसकेको छ सन्धि १९५० को पुनर्वालोकन हुन जरुरी छ । साथै नेपाली सेनाको इलाकालाई सुदृढिकरण गर्ने हालै स्थापना भयको सुरक्षा विश्व बिद्यालयलाइ अब सबलिकरण गर्दै यलाइ अनुसन्धानको क्षेत्रमा पनि आजको आवश्यकता देखियको छ । सभामुख महोदय नेपाली हरु न कसैले प्रादिन गरे, न कसैको उक्सावटमा लाग्छन भन्ने कुरा कसैले बिर्सनु हुदैन । आज नेपाल हामी माथि निर्भर छ उनिहरुको लोकतन्त्र हामीले ल्याइदियका हौ भन्ने केहि बिदेशि राष्ट्रका शक्ति हरुले हामीलाइ स्वतन्त्रको पाठ सिकाउने लोकतन्त्रको पाठ सिकाउने गर्छन र नेपाली बिरहरु नेपाली सहिद हरुले उनिहरुको स्वतन्त्रमा उनिहरुको बलिदान गरेको र उनिहरुका सिमानाका पर्खालहरुमा आफ्ना युद्द कलाहरु देखाउदै रक्षा गरीरहेको बिर्सिरहेका छन । सभामुख महोदय भोकै भोक नालापानिको युद्द लडेपनि नेपालको स्वतन्त्र र अस्तित्वको लागि बचाइराख्ने बिर गोर्खाली हरुको बिर गाथालाइ केहि राष्ट्रहरुले बिर्सेजस्तो छ यस्तो परीस्थितिमा नेपाली हरु बाच्न पनि जान्छन र बचाउन पनि जान्छन भन्ने कुराको पनि हेक्का राख्न पनि म सम्बन्धित देशलाइ हार्दिक आग्रह गर्न चाहान्छु । सभामुख महोदय हामी हाम्रो देशको जटिल दन्डबाट सहजै उम्कने सक्ने र सहजि वातारण व्यवस्थापन गर्न सक्ने सवै धर्म जात जाति र भाषाका मान्छे एकै ठाउमा बस्न सक्ने इतिहास र बर्तमानलाइ गर्व सक्ने नेपाली हौ भन्ने कुरालाइ हाम्रा छिमेकीलाइ बुज्न जरुरी छ जन्मदेखि नै कान्छो भयका र मोटो भयका हुदैमा म ठुलो हु भन्ने शक्ति कशैले पनि बोल्नुहुदैन जेठो दाई तपाइको दुब्लो हुन सक्छ, पातलो हुन सक्छ, कमजोर हुनसक्छ तर जेठो दाइ लाइ मोटो भयो भन्दैमा भाइ भनेर सम्बोधन गर्ने र अपहेलित गर्ने बानि पनि अ बिदेशि राष्ट्रहरुले छोड्नुपर्छ । सभामुख महोदय देश इतिहास रच्ने यो अवसरमा बिभिन्न खालका चुनौतिहरु आउन सक्ने सम्भावनाको बारेमा सचेत हुन जरुरी छ जोखिम न्युनिकरण गर्नका लागि व्यवस्थापनका लागि सवै तयारी गर्नुपर्ने जरुरी देखिन्छ त्यसका लागि प्रदेस सरकार र संघिय सरकारले स्थानीय तहहरु सँग समन्वय गरी केहि कामहरु अगाडि बढाउनुपर्ने देखिन्छ । सभामुख महोदय सिमा सुरक्षालाई व्यवस्थापन गर्ने प्रत्येक प्रदेश हरुलाई सुरक्षा व्यवस्थापन तथा उचित सञ्चारको व्यवस्थापन गर्न लगायत यातायात व्यवस्थाको लागि अब तयारी गर्नुपर्ने देखिन्छ त्यसका साथै सुरक्षा निकायको युनिभाइट कमाण्डको लागि पनि परीचालन गरी तयारीमा बस्नुपर्ने अवस्था देख्न सकिन्छ सुरक्षाका सिमाका बासिन्दा हरुलाई छिमेकि देशको परनिर्भर्तालाई हटाउनको लागि प्रत्येक स्थानीय तह र प्रत्येक प्रदेश सरकारले अब कार्यक्रम गरी अगाडि बढ्नुपर्ने देखिन्छ हाम्रो यो देश को अहिले हामी जसरी सार्बभौमी सम्पन्न देशले आफ्नो हक हितको लागि अगाडि ब ढ्दा हामी माथि बिभिन्न खालका षडयन्त्रहरु हुनसक्छन देखियकोले उत्तर दक्षिणमा नाकाहरुमा

छिटोभन्दा छिटो यातायात सञ्चालन को पहल गर्नुपर्ने  देखिन्छ अन्य देश हरुमा रहेका नागरीकहरुको लागि तथ्यसङ्क संकलन गरी आगामि दिनको रणनीति बनाउनमा शंघिय सरकारले जोड दिनुपर्ने देखिन्छ देश भित्र कृषिमा आत्मनिर्भर हुने सुरक्षा निकायलाइ आधुनिकरन व्यवसायिकरण र बनाउनुपर्ने देखिन्छ पेट्रोलियम पदार्थको आयात कम गर्दै जाने र बिद्युत खपतलाई बढाउनको लागि कार्यक्रम ल्याउने देखिन्छ खाद्य नियन्त्रणको लागि पनि स्पस्ट नीति कार्यक्रम ल्याउनुपर्ने देखिन्छ सम्पुर्ण राजनैतिक दल नागरीक  समाज र सम्पुर्ण राष्ट्रिय, अन्तराष्ट्रिय निकायहरु सँग पनि नेपालले अहिलेको आफुले आफ्नो देशको रक्षाको लागि अगाडि बढेको यो परीवेशमा अगाडि बढ्नुपर्छ र अहिले जसरी हामीले आफ्नो मातृभुमिको टाउकोमा विदेशि हस्तक्षेपका बिरुदमा यो सिङ्गो राष्ट्र यक भयको छ यसका लागि हामीलाइ सवै गर्व महसुस भयको छ त्यस मध्ये पनि सुदुरपश्चिम प्रदेशको टाउकोनै त्यै लिम्पियाधुरा हो हाम्रो टाउको नै कालापानी हो त्यो टाउको नै लिपुलेक हो त्यसलाई हामीले कुनै पनि हस्तक्षेपलाई अब सह्यै हुदैन त्यो फिर्ता गर्नको लागि यक छौ र हामी यक रहने छौ जुनसुकै परीस्थिति मा पनि यक हुनुपर्छ भन्दै म आफ्ना भनाइ राख्न चाहान्छु, धन्यवाद ।

**माननीय रण बहादुर रावल**

माननीय सभामुख महोदय, लिम्पियाधुरा, लिपुलेक र कालापानी दार्चुला नेपालको भुभाग भारतीय नक्सामा समावेस गरी भारतले नेपालको भुमि कब्जा गरेको सन्दर्भमा हामी आजको यो संकल्प प्रस्तावको छलफलको क्रममा म मेरा र मसँग जोडियको नेपाली कांग्रेस संसदीय दलको तर्फबाट केहि कुरा राख्न चाहान्छु । सभामुख महोदय नेपालको स्वतन्त्रता सार्बभौमिकता भौगोलिक अखण्डता, राष्ट्रिय यकता र स्वाधिनतालाई सुक्ष्ण राख्न हामी सधैभरी दृढ रहदै आयको कुरा सर्ब विधितै छ सुगौली सन्धि सन १८१६ मा अनुसार लिम्पियाधुरा, लिम्पियाधुराबाट बग्ने काली नदि कुटयाङ्दि नदिको पुर्वि भुभाग लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको हो बि.स २०७६ कार्तिक १६ गते नोभेम्बर १९/२०१९ मा भारत सरकारले हाम्रो भुमि माथि उल्लेखित भुभाग बिशेस गरेर गासेर जो नक्सा प्रकाशित गर्यो र नेपाली  काङ्ग्रेस संसदिय दल मात्र नभयर नेपाली संसदिय दलहरुले घोर असहमति गरेकै थियौ यस बिषयमा समग्र रुपमा सवै पक्षधर हरु यकजुट भई भारत सरकारको निर्णय प्रति घोर रोष्ट प्रकट गरेका छौ । माननीय सभामुख महोदय नेपाल संघिय सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानी भुभाग समावेश गरी नेपालको नक्सा जारी गरेको र नेपाल को बिशेस गरी संविधानको धारा ९ को उपधारा ३ सँग सम्बन्धित अनुसुचि ३ लाई संशोधन गर्न संघिय संसद मा प्रस्तुत गरेको संविधान संशोदनको विधेयकको पक्षमा नेपाली कांग्रेस केन्द्रिय कार्यसमितिले  निर्णय समेत गरीसकेको छ । हाम्रो संसदिय दल प्रस्तावको पक्षमा पनि रहेको छ सरकारको निर्णय प्रति हाम्रो समर्थन पनि छ र सरकारलाई धन्यवाद पनि दिन चाहान्छु । माननीय सभामुख महोदय लिपुलेक र कालापानी क्षेत्रले करीब ३७२ बर्ग किलोमिटर अर्थात झण्डै ३७ हजार हेक्टर भुमि ओगेटेको छ यस भुमिको अत्यन्तै ठुलो सामाजिक महत्व पनि

छ यो भुमि सयौ देखी नेपालको होर सामाजिक आर्थिक राजनैतिक भौगोलिक साथै ऐतिहासिक प्रमाणहरुले पनि नेपालको भयको देखाउछ यस ऐतिहासिक र बिशिष्ट घडिमा नेपालका सम्पुर्ण यकजुट हुने यकजुट र यकमुख भयको अवसरमा वर्तमान संघिय सरकारले कुटनीतिक एवम अन्य बिकल्प प्रयोग गरेर मित्र राष्ट्र भारतले जुन गरेका र भुभाग लाई तुरुन्त फिर्ता गर्ने परीस्थिति छ सभामुख महोदय अब म केहि ऐतिहासिक तथ्य र सन्धिहरुको सन्दर्भमा यहा केहि उल्लेख गर्न चाहान्छु ऐतिहासिक तथ्यको सन्दर्भमा १ न. मा यहा राखेको छु यानलियो वार जसलाई गोर्खा वार पनि भनेर चिनिन्छ । अन्तराष्ट्रिय जगतमा जो नोभेम्बर १/ १८१४ देखि ४ मार्च १८१६ सम्म चल्यो त्यसपछि दोस्रोमा सुगौली सन्धि जो ४ मार्च १८१६ मा रेक्टिफाइट पनि भो जसलाई नेपाल गोर्खा नजिक किङ्डम अफ गोर्खा र ब्रिटिस ईन्डिया को बिचमा सन्धि भयको थियो जसको सिम्नेटरी हरु पिस बर्ष छ जो ब्रिटिस ईन्डियाको तर्फबाट र नेपालको तर्फबाट राज गुरु गजराज मिश्र जि र चन्द्रशेखर उपाध्याय जि हुनुहुन्थ्यो यि सुगौलि सन्धिद्वारा आर्डिकल धारा ५ मा अनुसार काली नदि पश्चिमको भुभाग बीसेश गरी यहि चाहि वास्तवमा पुर्व भन्ने त भन्छौ हामी यहा त पश्चिमको कुरा छ त्यो पश्चिमको भुभागमा हाम्रो माननीय ज्युले पनि भनि सक्नु भाछ वास्तवमा काली नदिको पारीपट्टिको भाग देखि यता हो हाम्रो नेपालको भुभाग झन् प्रष्ट छ त्यसैगरी यो टुइटिको रक्टिफायरको रुपमा बिशेस गरी लास्टमा डेबिट वक्टर लौनिले गभर्नर जनरल हुनुहुनथ्यो ईष्टईन्डिया कम्पनिको जो ब्रिटिस ईन्डिया सँग जोडियको मान्छे हुनुहुन्थ्यो उहाले रेक्टिफाई गर्नुभएछ यो आधिकारीक यउटा सन्धि हो सन १८२७ मा यो सुगौलि सन्धिको यो १० बर्ष पश्चात पछि निकालेको ब्रिटिस ईन्डियाले म्याप निकालेको छ जो अन्तराष्ट्रिय जगतमा ब्रिटिस लाब्रेरी लगायत सवै ठाउमा छ त्यले पनि काली नदिको उद्गम स्थल लिम्पियाधुरा नै भनेको छ यसलाई विसेस गरी जोग्राफर नेपाल कै यकदमै ठुलो बिसेज्ञ रुपमा हुनुहुन्छ सिमा सम्बन्धिको बुदिजिवि नारायण श्रेष्ठले बिभिन्न समयमा भन्नु भाछ किताबमा पनि राख्नु भाछ चारमा यउटा महत्वपुर्ण छ सिङ्गो ईन्डिया ईन्डेन वार जो अक्टुवर २० देखि १९६२ मा भाको थियो यो १ महिना १ दिन मात्रै सञ्चालित भाको थियो यलाई ईन्डिया चाईना वार को रुपमा अथबा भनिन्छ बिसेस गरी हिमालयन सिमाको बारेमा यो वार लडेको हो चिन भारत बिच मा यि सँग जोड्नुको कारण यि सँग जोडियका कुराहरु छन यहा तयसपछि सन १९२३ मा नेपाललाई अज त्यो बेला त ब्रिटिस भने पछि धेरै ठुलो मानिन्थ्यो होला सायद तर नेपाली हरुले टेरदैनथे तत्पश्चात पनि ब्रिटिसले नेपाल लाई स्वतन्त्र रास्ट्रको रुपमा रीकक्नाईज गरेर आफु ले गरेको पनि देखिन्छ यहा ईतिहासमा सन १९४७ मा भारत ब्रिटिस ईन्डियाबाट स्वतन्त्र भई गणतन्त्रत्मक राज्य स्थापना भयको यो तथ्य सवैलाई थाहि भयकोकुरा हो अब भन्न कोजेको त्यो भन्दा पहिला ब्रिटिस ईन्डिया थियो त्यो भन्दा पछाडि बल्ल भारत आयछ सन १९५० को सन्धि जो नेपाल ईन्डिया पिस एण्ड फ्राइन्डसिप भनेर अन्तराष्ट्रिय जगतमा पहिचान भयको छ । यो झन्डैझन्डै साईन भयको हो जुलाई ३१ १९५० मा जसको सिग्नेचर कर्ता हुनुहुन्थ्यो तत्कालिन प्रधानमन्त्री मोहन शमसेर जबरा र ईन्डियाको हेमबेस्टर

चन्द्रशेखर नारायण सिं हुनुहुन्थ्यो हेम्वेष्टर र प्रधानमन्त्रीको बिचमा भाकोछ यो त्यसको ३ महिना पछि प्रधानमन्त्री अथवा राणाशासन सिधियको छ यो बहुतै अथबा यसमा हामीले सोच्नुपर्ने देखिन्छ यसमा विचार गर्नुपर्ने देखिन्छ यसले यो सन्धिले गर्दा अलिकति अहिले भारतलाई अलिकति बल पुर्याउछ अहिलेको केहि कुराहरुमा बल पुर्याउछ जो म यहा डिटेल भन्न चाहादैन यसको वारेमा मसँग डिटेल कुराहरु पनि राखेको छु यो १९५० को सन्धिले र जो जान लागेको प्रधानमन्त्रीले गरेको कुराहरु र हेम्वेष्टर लेवल बाट भाको छ ८ नम्वरमा छ यउटा थ्रि देशिय थ्रि जङ्सन भनेर चिनियको छ भारत चिन र नेपालको जो काली नदि जलाधारको कुराहरु टिङ्के नदि जलाधारको कुराहरु मा छ अहिले पनि पिल्लर नम्बर यक जो हाल पनि छ चाईना नेपालको बोर्डरमा छ भने अहिले पनि नमबर १ नै छ त्यहा त्यो पछि गयर भारत नेपाल भारत र चिनको लडाई भैसकेपछि त्यो पनि यउटा बन्द गर्ने काम भारतले जबरजस्ति गरेको देखिन्छ लिपुलेकलाई अब त्यसपछि धेरै कुरा अगाडि आईसकेको छ ३२ सालमा बहादुर सिँ यदवाल देखि लियर उहाले गरेका काम हरुको सन्दर्भमा र वास्तवमा उहाले धेरै मिहेनत गर्नुभाको हुनाले उहालाई सम्झनै र्ने हुन्छ त्यसपछि अर्को छ महाकाली नदिको उद्गम को बारेमा धेरै पछि भको यउटा सन्धि छ त्यलाई चाहि महाकाली सन्धि भनिन्छ जसो फेब्ररी १९९६ मा भयको छ त्यो धेरै पछिको सन्धि हो त्यसमाकेहि कुराहरु होलान तल माथि तर त्यो पनि के देखियाछ यउटा राम्रो पक्ष के लेख्या छ भन्दाखेरी महाकाली नदि नेपालको बाट वरीजित भयको छ भन्या छ नेपालको पहाडबाट वरीजित भन्याछ भने नेपालको पहाडबाट वरीजित भन्या त्यहि लिम्पियाधुराबाट वरीजित भया छ भन्छ त्यसैले त्यसमा अर्को कुरा लेख्या छ महाकाली नदि पछि साझा नदि भनेर त्यहा भनियको छ तर त्यसको लम्वाई जति छ ३५० कि मि छ भन्या छ त्यो ३५० किलोमिटर त्यो भारतले पनि साईन गरेको छ माथि देखि हेर्यो भने लिम्पियाधुरा देखि तलसम्मको बोर्ड सम्म मिल्छ त्यसै माईल्समा २२ माईल्स छ त्यले पनि पुष्टि के गर्छ भन्दा खेरी वास्तवमा लिम्पियाधुरा यसको प्वाईन्ट हो जसकारण काली नदि शुरुवात गर्छ अब १० नम्बरमा छ अर्को मैले संयुक्त राष्ट्र संघको बहुतै महत्वपुर्ण कुरा छ नेपाल पनि संयुक्त राष्ट्र संघको सदस्य भो २०१३ मा अनि त्यसपछि भारत पनि भयकै छ अब यउटा कुरा के छ भने भारत र नेपालको भोटिङ् को सन्दर्भमा के छ भन्दाखेरी बराबराको हिस्सा छ त्यहा बडे भाई र छोटे भाइको कुरा छैन यउटै भोट नेपालको यउटै भारतको हो तर त्यसमा युएन सेक्युरटिका अन्तर्गत यउटा गार्डियो ग्राफिक्स डिभिजन हुन्छ । जसमा सदस्य बन्नु अगाडि प्रष्ट रुपले त्यो देशको नक्सा पुरा नक्सा त्यहा कार्टियो ग्राफिडिभिजनमा दर्ता गर्नुपर्छ, भिडाउनुपर्छ कहि ओभरल्याप छ कि र अर्को देश सँग त्यससम्बन्धि भिडे पछि मात्र त्यहा दर्ता गरीन्छ त्यसकारण त्यो कार्टियो ग्रफि डिभिजनमा हामी ले अन्तराष्ट्रिय मुद्दा गर्नुपर्छ भन्नु जरुरी छैन । वास्तवमा त्यो कार्टियो ग्रफिडिभिजनमा युएनको सदस्यको हैसियतले भारतले पनि मागन सक्छ । हामीले पनि मागन सक्छौ यो निवेदन दियको हकमा यउटा नक्सा कस्तो छ हामीलाई दिनुस भन्यो भने त्यो प्रष्ट छ त्यसमा अहिले हामीले लिम्पियाधुरा देखि लियर लिपुलेक र कालापानी समेटियको नक्सा त्यहा

दर्ज छ त्यसैले त्यसपछि यो थाहा पायर भारतले त्यसवेला के गरेछ । पछि १८७९ मा नक्सा डिचोड भन्छ कि त्यो सुगौली सन्धि भन्दा पनि यतातिर जोडेर पहाडै पहाड यउटा बनाको देखिन्छ र पछि अर्को १८८५ मा लिपुखोलालाई काली नदि बनार त्यहाबाट यताको हो उताको लिम्पियाधुराको भाग होईन भन्ने खालको कुरा गरेको छ यो बारेमा धेरैलाई थाहै छ अब काली मन्दिरको स्थापना पनि त्यहि सानो खोलामा अथवा लिपु खोलामा नदि भन्या छ तर लिपु खोलामा बना छ । अब ११ मा बि.स १९६१ मा जो असार १८ गते गर्भेङ्गो गुजिबो छाङ्ग्रुबो तिग्गर गाउका मुख्याहरुले यो लिखत अहिले पनि छ मुख्याहरुले आन्तरीक रुपमा जग्गा अतिक्रमणको सन्दर्भमा जनता र दुखिहरुमाथि थिचोमिचो भयो भनेर उहाले तत्कालिन प्रधानमन्त्री चन्द्रशमशेर जबराका पत्र लेखेको भेटिन्छ । प्रतिउत्तरमा पनि प्रधानमन्त्री त्यस बेलाको तत्कालिन प्रधानमन्त्री चन्द्रशमशेरले आफ्ना रैतिलाई असुविधा गराउनेलाई कानुन अनुसार दण्डसजाय गर्नुपर्छ भनेर राजकिय पत्र समेत लेखेको प्राप्त हुन्छ त्यो अहिले सम्म, हालसम्म उपलब्ध छ त्यहाका जनताहरुको सन्दर्भमा त्यहाका गाउहरुको सन्दर्भमा अब १२ औ मा छ बि.स १५ को सन्दर्भमा जनगणनामा त्यस बेलाको मतगणना, त्यस बेलाको चुनाव भथ्यो । त्यो चुनावमाभाग लियको कुराहरु पनि छ त्यसपछि २०१८ सालको जनगणना भएछ त्यसमा पनि हामीसँग प्रामण हरु छ कुटि, नापि र गुन्जि क्षेत्रका बासिन्दाले बालि तिरेको रसिदहरु विशेस हालसम्म भुमि मन्त्रालय अन्तर्गत पनि अहिले उपलब्धै छ अब यै सन्द्रभमा धेरै पुष्टि के हुन्छ भन्दाखेरी अब धेरै प्रमाण हरु त छन अगाडि पनि आका छन यउटा मनोबिज्ञान पनि जोडियको छ गोर्खा मनोबिज्ञान भन्ने कुरा तयो पनि हाम्रो लागि यसो हेर्दा अर्को देशमा गयर लड्ने, त्यो कुरा गर्ने सन्दर्भमा हामीलाई केहि कुराहरु फरक होला तत्पश्चात पनि बहुतै महत्वपुर्ण ब्यक्तिले भनेका छन यउटा मैले फेरी मार्सन विवेक शुक्लाको यहा भनाई लिय उहा चाहि भारतको आठौ सेनाध्यक्ष हुनुहुनथ्यो उहाले के भन्नु भो भने यदि कसैले मर्न डराउदैन भन्यो भने या त उ झुटो बोलिरहेछ होईन भने त्यो गोर्खाली हुनुपर्छ भने त्यति सम्मको विश्वास त्यहा छ । त्यस जनमासमा त्यो छ त्यसैले गोर्खालिहरु अहिले २५ हजारमा झन्डै झन्डै प्रतिबर्ष झन्डै झन्डै १२ देखि १३ सैनीक अहिले पनि गैरहेकै छन । अवकासको रुपमा पेन्सनको रु पमा अरब जति अहिले नेपालमा प्रतिबर्ष आयकै छ भारु रुपिया पेन्सनको रुपमा अब यो कुराहरुको सन्दर्भमा म धेरै जान चाहदिन अब यो भर्तिका सन्दर्भमा कहिले देखि भयो १९४७ मा भारत नेपालका कुराहरु देखि लियर गोर्खा जवानहरुको अङ् ग्रेजहरुसँगको कुराहरु लियर प्रथम विश्व युदमा दुई लाख त्यसपछि दोस्रो विश्व युदमा २ लाख ५० हजारका कुराहरु देखि लियर यल्ले के हो भनेपछि मारतमा यउटा जनमानस यो गोर्खा जो मनोबिज्ञान ले के देख्या छ भने जसरी सरकारले यकतर्फ नारा लियर यक तर्फ पिट पत्रकारीता जो गरेको छ भारतले त्यसमा चाहि जवाफ यउटै यो गोर्खा मनोबिज्ञानले अलिकति जनताहरु हाम्रो सिमाको रक्षाले नेपालीहरु लडेको हो मरेको हो खबरदार पनि भन्ने यउटा आवाज बिस्तारै देखिन थाल्या छ त्यसले यप मनोबिज्ञालाई पनि नेपाल सरकारले लिनुपर्छ जस्तो लाग्छ मलाई अब बर्तमान अवस्थामा यिनले

थुप्रै छन त्यसमध्येको अब माननीय सभामुख महोदय केहि प्रतिनिधिमुलक र महत्वपुर्ण नेपालको तर्फबाट गरीयको निर्णहरुको सन्दर्भमा म यहा राख्न चाहान्छु गरीमामय सदनमा यक नम्बरमा सन १९६२ मा भारतमा नेपालको भुमि कब्जाको कुराहरु अतिक्रमणको कुराहरु छ अब अगि सभासद ज्ये भने अनुसार अगाडि भन्नु भाछ त्यलाई डिलिट गरौला तर बिशेस गरी चिन र भारतको लडाइ पश्चात थाकेको हारेको सैनिकहरु तल आयको छ र त्यसमा बिशेस गरी थकित छन भन्ने यउटा मित्र राष्टरहरुले अब हारेको छ लत त्यहा आराम गर्छ भने अनदेखा गर्नु हाम्रो कमजोरी होला तर त्यो अनदेखा गरेको ठाउ सट्टा त्यो जमिन नै हडप्ने काम गरेको छ बहुतै गम्भिर त्रुटि भारतबाट भाको छ अब दोस्रोमा छ लिपुलेक सम्म जाने बाटो भारतले यकै रातमा बनायो को छैन सन २०१३ मा भारत चिनको वार्ताको कुरा छ त्यसपछि २०१५ मा भारत चिनको सहमति कसरी भो भन्दा चिनको नेता भारतमा आउनुभो त्यो क्रममा सहमति भाको छ लिपुलेकको बारेमा दुइटा देश बसेको छ तत्कलिन नेपालका प्रधामन्त्री शुशिल कोइरालाले त्यस सन्दर्भमा सरकारले भारत र चिन दुबै देश हरुलाई बिरोध जनायको छ नोट लेखेर पठायको थियो त्यो गलत हो यो होइन हामी नेपालसँग  सोध्दै नसोधि यो निर्णय गर्नु वार्ता यो सहमति गर्नु गलत हो भनेर सन २०१९ मा बि स २०७६ कार्तिक १६ गते भारतले लिम्पियाधुरा, लिपुलेक र कालापानी भुभाग समेटि राजनैतिक नक्सा सार्बजनिक गरेको कुरा पनि मैले यहानेरै थपे फेरी नेपाल सरकारले कार्तिक २० गते बिकृति निकालेर बिरोध जनाको पनि कुरा छ त्यसपछि आयर कार्तिक २३ गते २०७६ मा सर्बदलिय बैठक बसेको त्यसमा नेपाली कंग्रेस लगायत अन्य दलहरुले आ-आफ्नो मत भुभाग तुरुन्त फिर्ता लिन कुटुनीतिक पहल गर्न सरकारलाई सुझाव र सहमति जनाको कुराहरु त्यसपछि ६ मा नेपालको परराष्ट्र मन्त्रालयले भारतलाई तत्काल वार्ता गर्ने भनि बिकृति पनि जारी गरीयो त्यसमा केहि लाईन गरेको नगरेको कुराहरु अलग हो तर पनि जारी गरकै छ ७ मा त्यतिखेरै संघिय संसद भित्रका समितिहरु विशेस गरी मिनिपार्लिमेट हरुले विशेस गरी लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको नया नक्सा जारी गर्न सरकारलाई पटक पटक निर्देशन पनि दियकै हो ८ मा यहि जेष्ठ २ गते २०७७ मा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममा बुदा न २६९ मा नेपालको भुमि फिर्ता गर्ने कुटनीतिक पहल गर्न र नेपालको नया नक्सा जारी गर्ने घोषणा गरेकै हो लगतै जेठ ४ गते २०७७ मा नेपालको नया नक्सामा मन्त्री परीषदबाट प्रस्तुत र जेष्ठ ५ गते २०७७ मा बर्तमान सरकारले जारी गर्ने निर्णय गर्यो यो रम्रो कुरा अब केगर्ने यो सन्दर्भमा केहि प्बान्टहरु सभामुख महोदय १ नम्बरमा प्रतिनिधिमुलकप्रतिनिधि सभामा प्रस्तुत जो संविधान संशोधन प्रस्ताव पास गर्नु पर्ने त्यसको लागि नेपाली कंग्रेसले समर्थन गर्ने पार्टिको निर्णय पनि भैसकेको छ हामी साथ दिन तयार छौ बर्तमान पार्टि सभापति शेरबहादुर देउबा ले बिगतमा भारतले नेपाली भुभाग आफ्नो नक्सामा समावेश गर्दा उक्त भुमि नेपालको भयको प्रष्टि धारणा राख्दै त्यसका लागि राष्ट्रिय बहस र बिवसलाई साथ समर्थनका लागि आहवान गर्नुभाको र अन्य नेताहरुबाट पनि सहयोग को लागि अपेक्षा गर्नु भाध्यो यो पनि महत्वपुर्ण नै मैले ठानेको छु तिनमा सरकारले यो भुमिबाट यो

भुभागबाट बिदेशि सेना फिर्ता पठाउन पुर्ण रुपले प्रयास गरोस र त्यस क्षेत्रका बासिन्दाहरुलाइ बिशेस क्षेत्रका घोषणा गर्न सकोस जसको लागि शान्ति सुरक्षाको हकमा किन नहोस खाद्यसुरक्षाको हकमा मिन नहोस सामाजिक सुरक्षाको हकमा किन नहोस आर्थिक सुरक्षाको हकमा किन नहोस शिक्षाको सुरक्षाको हकमा किन नहोस त्यहाको पुर्वाधारहरुको सुरक्षाको हकमा किन नहोस स्वास्थ्यको सुरक्षाको हकमा किन नहोस आदिमा कम्पिलिट प्याकेज प्रदेश सरकार र संघिय सरकारले ल्याउनै पर्ने हुन्छ त्यसको प्रतिबदता गर्नुपर्ने हुन्छ हर्को मित्र राष्ट्र भारतको यो भुभाग क्षेत्र प्रति निकै ठुलो घोर ईन्टेरेष्ट पनि छ यसबाट समग्र के बुजिन्छ भने यति नजिकको भारत र नेपाल हरेक समयमा उहाहरुले नजिकको भन्ने गर्नु भाछ हामी पनिभनिराछौ हरेक कुरामा हाम्रो सामाजिक देखि लियर आर्थिक देखि लियर हरेक कुरा हरु धार्मिक देखि हरेक कुरामा हाम्रो यकता छ तर यसको बाबजुत पनि किन मित्रतमा ठोक्कर गरीराछ किन धोका दिईराछ भन्ने सन्दर्भमा यसमा भारतको निकै कोर ईन्टेरेष्ट देखिन्छ यो मित्रताको कारण अन्त्यका हुदा चिन सँग पराजित सेना थकित सेना केहि समयको लागि भन्ठान्दा र पछि गयर आफ्नै भुमि हो भनि दाबि गर्ने भारतको नियत कस्तो रैछ त्यो बेला डेफिनेट्लि यउटा अनदेखा गरेकै हो चिन रीसाय पनि रीसाओस तर ति थकित सेनाहरु छन दुख परेका मा ल बसुन त भनेर यकछिनलाइ आँखा चिम्लेकै हो त्यसबेलाको सरकार अब जो होस त्यसलाई मित्रतालाई ठोक्कर दियो अहिले मेरो हो भनि भुमि भन्नु कति नालायक पन हो त्यसगरी चिन सँग पनि यउटा महत्वपुर्ण के छ भन्दाखेरी यस्तै त्रुटिहरु भयको छ चिन पनि अहिले बिबादित कुराहरु छन त्यससन्दर्भमा पनि अहिले होमवर्क गर्नै पर्ने हुन्छ र भारतसँग जति पनि कुराहरु कोर ईन्टेरेष्ट जोडेर गृहकार्य सरकारले गर्नुपर्छ तसर्थ गम्भिर गृहकार्य सरकारले गरोस र आफ्नो यक ईन्च भुमि पनि कसैमा नछोड्ने अर्काको एक ईन्च भुमि पनि नलिने प्रतिबदता जनतामा संकल्पकासाथ प्रत्याभुति हुनेगरी आवस शुभकामना छ धन्यवाद

**माननीय मान बहादुर धामी**

माननीय सभामुख महोदय, कुनै दिनहु त्यस्ता ऐतिहासिक हुने गर्दछन जुन लोकतान्त्रिक परीपाटि बहुदलिय प्रतिस्पर्धामा पनि सत्ता पक्ष प्रति पक्ष सरकारमा रहेका पार्टिहरु र सरकारमा नरहेका पार्टिहरुको सहमति अम्य साहस यउटा दृढ संकल्प अनि ईतिहासमा देखिने गर्दछन र आज र हिजोको दिन त्यो राष्ट्रियताको सन्दर्भमा दृढ संकल्पको दिन त्यो राष्ट्रिय यकता भौगौलिक अखण्डताको सन्दर्भमा नेपाल सरकार र नेपालमा भयका राजनैतिक दलहरुको यउटा सहकार्य र अविष्मरणिय दिनको रुपमा माननीय सभामुख महोदय आजको दिन हिजोको दिन इतिहासक यउटा दर्ज भयको दिन माननीय सभामुख महोदय मार्फत संघिय सरकार र बिशेस गरेर प्रधानमन्त्री केपि शर्मा वलि र संघिय सरकार सँग आबद्ध रहेका सम्पुर्ण राजनैतिक दलरुलाई म हृदय देखि धन्यवाद दिन चाहान्छु । हृदय देखि आभार दिन चाहान्छु नेपालको संविधान दोस्रो शंसोधान गरेर नेपालको निशाना छाप हिजो संसदबाट सर्बसम्त ढङ्गले राष्ट्रिय यकता र राष्ट्रिय गौरवका साथ सम्पन्न गरेको छ त्यसैगरी आज सुदुरपश्चिम प्रदेस सरकारले जहा लिम्पियाधुरा कालापानी र लिपुलेक को

सन्दर्भलाई लियर आज यो सम्मानित सदनले लिम्पियाधुरा लिपुलेक र कालापानी नेपालको हो र नेपालको थियो र नेपालको रहने छ भन्ने यउटा दृढ संकल्पका साथ सम्माननीय सभामुख मार्फत संघिय सरकारलाई बधाई धन्यवाद ज्ञापन गरेको छ र चाडो भन्दा चाडो कुटनीतिक माध्यमबाट कुटनीतिक तरीकाले कालापनि क्षेत्रबाट लिम्पियाधुरा क्षेत्रबाट भारतीय सेनाहरुलाई फिर्ता गरेर नेपालले त्यो भुमि ससम्मान त्यो भुमि क्षतिपुर्ति सहितको भुमि हामीले प्राप्त गर्नुपर्छ भन्ने यउटा संकल्प प्रस्ताव हामीले यो सम्मानित सदनबाट पास गरेका छौ माननीय सभामुख महोदय त्यसकोलागि बिगतको यउटा लामो ईतिहास सँग जोडियका व्यक्ति हरुलाई म सम्मान गर्न चाहान्छु महान सदिद हरु जसले सिमा रक्षाको लागि आफ्नो जिवन बलिदान गरेका छन उहाहरुलाई म स्मरण गर्न चाहान्छु उहाका घरपरीवारहरुलाई म सम्मान गर्न चाहान्छु माननीय सभामुख महोदय पुर्व वक्ता माननीय सदस्यहरुले धेरै तथ्य र प्रमाणहरुका साथ यहा नजिर हरु पेश गरी सक्नु भयको छ त्यसकारणले मैले धेरै बिषयबस्तुहरु राखिराक्नु आवश्यक मैले ठानेको छैन तर माननीय सभामुख महोदय बिषयबस्तुको गम्भिरतालाई हेर्ने हो भने पुर्बबक्ता माननीय सदष्यहरुले भने जस्तै जसरति भाइभाइ बिचको सम्बन्ध लाई सुधार गर्नुको साटो भाइभाइ बिचको सम्बन्धलाई अजै दरीलो र दिगो बनाउनुको साटो सदैव हस्तक्षेप कार्यभुमिका जो मित्र राष्ट्र भारतबाट हुने गर्दछ त्यसले अहिले नेपालको राष्ट्रिय अखण्डतामा गम्बिर प्रश्नहरु खडा भय र नेपालका सम्पुर्ण राजनैतिक दलहरु हामी यक ठाउमा आयर दृढ संकल्पका साथ अगाडि बढ्यौ माननीय सभामुख महोदय हामीले ईतिहासलाई हेर्दाखेरी सरसर्तिरुपमा बिशेस गरी हाम्रो लिम्पियाधुरा लिपुलेक र कालापानी क्षेत्र नेपालको हो भन्ने कुराहरु अहिले पनि भारत सरकारसँग प्रशस्त मात्रामा प्रमाणहरु छन ति प्रमानको आधारमा माननीय सभामुख महोदय खासगरेर १८१६ मार्च ४ को सुगौलि सन्धि पछि जुन ५ वटा बुदामा मैले यहा संश्लेषण गरेको छु माननीय सभामुक महोदय १८१६ मारच ४ को सुगौलि सन्धि पछि पहिलो नम्बरमा कुमाउ प्रदेशको नक्सा जारी भयको छ माननीय सभामुख महोदय तत्रो नक्सामा पनि स्पष्ट छ कि १८८१९ मा कुमाउ प्रदेशको जुन सर्बे अफ ईष्ट ईन्डिया त्यो भारत सरकारको नापि बिभाग जस्तै त्यो सर्भे अफ ईन्डियाले १८१९ मा कुमाउ प्रदेशको नक्सा जारी गरेको छ त्यसमा पनि लिम्पियाधुरा र काली नदि स्पष्ट देखियको छ त्यसकारणले यो भारत सँग भयको प्रमानल पनि स्पष्ट बोलेको छ कि लिम्पियाधुरा जुन कालीनदिको मुहान लिम्पियाधुरा हो जुन काली नदिकोपुर्वको भाग नेपाल हो र पश्चिमको भाग भारत हो भनेर स्पष्ट बोलेको छ त्यसको लगतै माननीय सभामुख महोदय फेरी कुमाउ र गढवालको नक्सा फेरी सर।भे अफ ईन्डियाले नै जारी गरेको त्यो नेपालसँग पनि छन र ईन्डियाको डिपार्टमेन्ट सँग सुरक्षित छ त्यले के भनेको छ भने माननीय सभामुख महोदय सबै प्रमाण हरु सहित सर्बे अफ ईन्डियाले नै १८२७ ,मा फेरी लिम्पियाधुरा र काली नदिलाई नै वास्तबिक सिमाना मानेको छ र त्यो लिम्पियाधुरा सँगै बग्ने काली नदि पुर्वको भाग नेपालको भनेर स्पष्ट लेखेको छ र अर्को नम्बरमा हिन्दुस्तानको पश्चिम प्रदेशको नक्सा मा पनि फेरी त्यहा जारी गरेको छ १८३० मा माननीय सभामुख महोदय यति

प्रमाणहरुले १८१६ मा ईष्ट ईन्डिया कम्पनि र नेपाल बिचको भयको सुगौलि सन्धि पछाडि फेरी १८३० मा हिन्दुस्तानको पश्चिम प्रदेशको नक्सा जारी भयको छ भारतको हिन्दुस्तान भनेर स्पष्ट ढङ्गले नक्सा मै लेखियको छ त्यो पनि सर्भे अफ ईष्ट ईन्डियाले नै त्यो नक्सा जारी गरेको छ त्यसकारणले यि चारवटा बुदासम्म आउदा खेरी स्पष्ट ढङ्गले त्यो बेलासम्म भारतले लिम्पियाधुरा नै मुहान हो र काली नदि नै सिमाना हो भनि स्विकारेको तथ्य अहिले सम्म हामीसँग छन त्यसपछि माननीय सभामुख महोदय गडबड कहानेर भयो भन्ने कुरा हामी ले हेर्न आवश्यक छ भारत सरकारले ग डबड यहानेर गर्न खोजेको देखिन्छ माननीय सभामुख महोदय कुमाउ र गढवालको नक्सा १८५८/०५९ मा यले फेरी जारी गर्यो यहाने र के गेको छ भन्दा खेरी १८५६ सम्म सवै नक्साहरु ठिक छन तर त्यो बेला यले बदमासि गर्न खोजेर लिपुलेकबाट आउने सानो खोलालाई सिमाना बनायर काली नदिलाई सारेर यहा तल त्यो लिपुलेक बाट बग्ने सानो खोल्सिलाई तपाइको काली नदि भनेर लेखियको छ यि भन्दा बाहेक माननीय सभामुख महोदय हामीले सुन्ने गरेका छौ देख्ने गरेका छौ प्रमाणहरुको आधारमा कर्णालि नदिको उद्गम स्थल हुम्ला हो भने जस्तै भारतीय पाठ्यक्रममा काली नदि कुटि से बहते हे भनेर अहिले पनि ति पाठ्यक्रम हरु हामीले अध्ययन गरेका हौ भनेर त्यहाका स्थानीय हरुले अहिलेसम्म पनि तयो दाबि गरीरहेका छन यहा कुटुयाङ्पिका कुराहरु आय माननीय सभामुख महोदु कुटि भनेको त्यहाको गाउ हो जिन कुटि गर्भ्याङ नापि छ्याङ्कु र टिङकर ५ वटा गाउका मुखियाहरुले त्यो बेलामा त्यो बेलाको प्रधानमन्त्रीलाई त्यहाका मुखियाहरुले हाम्रो भोकमरी बड्यो हामीलाई खान बस्न समस्या भो भनेर पत्र पठायो र स्पष्ट ढङ्गले जवाफ दियको पनि हामीसँग प्रमाण हरु स्पष्ट मात्रामा तथ्यहरु छन त्यसो हुदाखेरी कुटि याङ्ति नदिको स्थानीय भाषामा त्यहा हाम्रो सौका समुदायहरुको भाषामा कुटि भनेको कुटि गाउ नै भयो सभामुख महोदय याङ भनेको ठुलो त्यो भाषाको नेपाली अर्थ बुजाउछ र ति भनेको नदि हो र विचबिचमा लिम्पियाधुराबाट महाकाली आयको कुरालाई भारती हरुले छिमेकी राष्ट्रले यकदुई पटक चेन्ज गरेर कुटियाङ्ति पनि राखेको हामीसँग प्रमाण छन त्यो यथेष्ठ प्रमाणले पनि कुटि बाट बग्ने सबभन्दा ठुलो नदि नेपालको सिमाना हो भन्ने तथ्य प्रमाण छ त्यसकारणले हामी सँग दावा गर्ने प्रशस्त प्रामाणहरु छन प्रशस्त आधारहरु छन माननीय सभामुख महोदय त्यति मात्र होईन २०१५ सालको मतदाता नामावलि कुटि नाबि र गुञ्जि छागु र टिङ्कर त छदै छ नै कुटि नाबि र गुञ्जिका जनताहरुले पनि मतदाता नामावलिमा आफ्नो नाम र मतदान गरेको ईतिहारस हामीसँग छ त्यो अहिले कुमाउ र गढवाल सरकारसँग पनि छ माननीय सभामुख महोदय २०१८ सालको जनगणनमा मा त्यहा गयर जनगणना भयको ईतिहासको पनि हामीसँग छ माननीय सभामुख महोदय त्यतिमात्र होइन २०३९ सालसम्म बैतडि र दार्चुला सम्म आयर नेपालमा तिरो तिरेको ईतिहास अहिले बैतडिको मालपोत कार्यालय र दार्चुलाको मालपोत कार्यलयमा हामीले हेर्ने हो भने स्पष्ट रुपले देखिन्छ र अहिले जसमल बुढा भन्ने यो गुञ्जिका बासिन्दा हुन र उनिले मैले तिरो तिरेको हो भनेर उहा झण्डैझण्डै ९०-९५ बर्षको अहिले पनि जीउदै हुनुहुन्छ उहाहरुले

सदरमुकाममा आयर तिरो तिरेको ईतिहास छ माननीय सभामुख महोदय मार्फत म संघिय सरकारको ध्यानाकर्षण गर्न चाहन्छु पुर्बबक्ता माननीय ज्युहरुले पनि आफ्ना धारणाहरु राखिसक्नु भयको छ थुप्रै प्रष्ट्याई सक्नु भयको छ यो भन्दा पहिला समथिङ ईतिहासहरु हेर्ने हो भने काठमाडौ बस्ने हरुको यउटा ईतिहास छ सभामुख महोदय र हाम्रा त्यहाका बुडापाकाहरुको त्यहा कहिले भारतीय सेना बस्यो भन्ने कुरा भिन्न खालको बिषयबस्तु छन त्यहाका बुडापाकाहरुले १९५४/५५ बाट नै स्थापना गरेको हो भन्ने छ तर माथि काठमाडौंमा बस्ने हाम्रा ईतिहास बिद हरुले १९६२ पछि नै त्यो लडाई पछि नै त्यहा बसेको हो कब्जा गरेको हो भन्ने प्रमाण हरु छन यले स्थानीय बासिन्दाहरुको प्रमाणलाई यथेष्ठ मान्य हो भने चौकिको रुपमा १९५४-५५ देखि लियर त्यहा भारतीय सेनाहरुको पहिला पुलिसहरुको उपस्थितिबाट कब्जा गर्दै आयको ईतिहास यहासम्म छ माननीय सभामुख महोदय हामीले पछिल्लो चरणमा हेर्यौं २०१५ मा अस्ति २०७२ सालमा मात्रै भारत सरकार र चाईना सरकार बिचको सम्झौता भयको छ रझणडै टनकपुर देखि लिपुलेकसम्म भारत सरकारले टु लेनको मात्र होईन चार लेनको बाटो बनाउने प्रकृया तिब्ररुपले अगाडि गतिमा लगेको कुरा अहिले होईन माननीय सभामुख महोदयत्यो भनेको २५-२० बर्ष अगाडि देखिको उसको होमवर्क हो उसले आफ्नो गृहकार्य गरेर अस्ति मात्रै मे ८ मा एक डेढ महिना अगाडि मात्रै भारतीय रक्षा मन्त्रीले भिडियो कन्फेन्स मार्फत त्यो सडकको उद्घाटन गर्यो सडक थहिले पनि तथ्य मा हेर्न हो माननीय साभामुख महोदय केहि किलोमिटर बाकि ट्र्याक खोलनै छ त्यहा जुन भारत सरकार र चाइना सरकारको बिचमा २०७२ सालमा अस्तिमात्रै समझौता बयको थियो र भारत सरकार ले कमिटमेन्ट गरेको हुनुपर्छ सभामुख महोदय चाइनाको सिमाना सम्म सभामुख महोदय मैले २०२० सम्म सडक पुर्याउछु भनेर कमिटमेन्ट गरेको हुनुपर्छ त्यो उत्तरमा भारत सरकारले ट्र्याक नखोलेको ठाउमा यो कोरोना प्रभावित मा विश्वको ध्याना एकातिर र उल्ले आफ्नो दुनो सोज्याउनको लागि यो भिडियो क्नफेरेन्स मार्फत यो ट्र्याकै २-४ किलिमिटर अजै पैदल यात्रा आधा घण्टाको छ बाकि त्यहा खोल्न भन्ने खबर हरु छ त्यो आधाहरुलाई हेर्ने हो भने २-४ किलोमिटर अजै ट्र्याक खोल्न बाकि छ सभामुख महोदय र पक्कि पुल खोल्न त उसको धेरै नै बाकि नै छ यो लाई उले दावा गर्नको लागि र आफ्ना प्रतिबदताहरु पुरा गर्नको लागिउले भिडियो कन्फेरेन्स मार्फत यो सडक उद्घाटन गरेको देखिन्छ त्यसो हुदाखेरी माननीय सभामुख महोदय ईतिहासलाई हेर्ने हो भने माननीय पुर्ब बक्ता सदष्यहरुले भने जस्तै २०३२ /०३३ सालतिर बहादुर सिँ यदवाल त्यहि गाउमा जन्मिनु भाको हो त्यहि वडाको वासिन्दा हुनुहुन्छ उहाले बन सहायक मन्त्री ८ महिना मात्रै खानु भो भन्ने हाम्रो ईतिहासमा हामीले हेर्न पाउछौ सभामुख महोदय त्यो बेला उत्तर प्रदेशको मुख्यमन्त्रीलाई लखनौमा गयर उहाले ज्ञापन बुजायको ति गाउ हाम्रा हुन ति गाउ फिर्ता गर्नुस कुटि नाबि र गुन्जि फिर्ता गर्नुस भनेर ज्ञापन पत्र बुजायको र त्यहि बेला उहालाई भारतबाट हिड्नको लागि प्रतिबन्द लगाईसकेपछि दार्चुलाको खलाङ्गा देखि लियर टिङ्कर सम्म कालापानी सम्म सडक नभयर घोरटो बाटो रासन चामल र तेल मात्रै ज्याला मजदुरी गरेर

घोरेटो बाटो निर्माण गरेको भन्ने ईतिहास  देख्न पाईन्छ र त्यसकै प्रभावले उहाले ८ महिना मात्र बन सहायक मन्त्रीमा बस्न पाउनु भो त्यहि कुरा उठायर भन्ने खालको यउटा ईतिहास हेर्न पाईन्छ माननीय सभामुख महोदय त्यसपछि २०४९ साल चैत्र १९ गते स्वर्गिय जन नेता मदन भण्डारी ले दार्चुला र सुदुरपश्चिमको भ्रमण गरीसकेपछि ४९ साल चैत्र २४ गते सदनमा पहिलो चोटि लिम्पियाधुरा र कालापानीको सन्दर्भ उठायको र ५३ सालमा दार्चुला बाट जन निर्वाचित स्वर्गिय नेता प्रेम सिँ धामिले दार्चुलाको कालापानी काठमांडौलाई किन दुख्दैन भन्ने राष्ट्रियताको मुद्दा बाहिर आईराखेको पर्सङ्ग हरु हाम्रो बिचमा छर्लङ्ग छन माननीय सभामुख महोदय त्यसकारण म माननीय सभामुख मार्फत जसरी यो लिम्पियाधुराको नक्कलि काली मन्दिर लिम्पिया खोलाबाट आउने नदिलाई जो त्यो ठाउको नाम जुन भारतले अहिले कालापानी भनेको छ त्यो ठाउको नाउमा तुलसिन्युराङ हो भन्ने कुरा त्यहाका स्थानीय बासिन्दाहरुले भन्छन र जुन कालापानी हो र त्यो कालापानी भनेको लिम्पियाधुरा हो र त्यो कालापानी अहिले पनि पानि कालो हुन्छ भन्ने त्यहाका बासिन्दाको छ र तल कालापानी पानि भित्र कालो ढुङ्गोबिसायर तुल्सि भारतले आफ्नो सेना राख्यो त्यलाई नै कालापानी भन्यो र त्यसलाई नै काली नदि भनेर नेपाल को भुमि मिच्ने कार्य भयको छ यलाई कुटनीति माध्यमबाट यथेष्ठ प्रमाणको आधारमा भारत छिमेकि राष्ट्र भारतालाई नै ति प्रमाणहरु ल्यायर आउ भनेर हामीले नै आह्वान गर्नपुर्ने दिन हरु छन माननीय सभामुख महोदय त्यसकारण त्यो भुगोल भौगोलिक रुपमा मात्र जोडियको छैन माननीय सभामुख महोदय पहिले पनि म माननीय सभामुख मार्फत सदनलाई जानकारी गराय जो ४-४ लेनको सडक त्यो ठाउमा खनिने उतापट्टि चाईना सरकारले त्यसको बोर्डरसम्मै कालोपत्रे गरेर तयारी अवस्थामा राख्यु यसले गर्दा खेरी नेपालको राष्ट्रियता माथि दमन भयको राष्ट्रियता माथि धावा बोलियको कुराहरु स्पस्ट छ त्यसकारणले यलाई कुटनीतिक बार्ताको माध्यमबाट समष्या समाधान गर्नको लागि माननीय सभामुख महोदय मार्फत संघिय सरकारको बिशेस ध्यानाकर्षण गर्न चाहान्छू, धन्यवाद ।

९. **माननय सदस्यहरु,**

संकल्प प्रस्ताव माथि छलफलको समय यही समाप्त हुन्छ ।

१०. **माननीय सदस्यहरु,**

अब म प्रदेश सरकारको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री ममाननीय प्रकाश बहादुर शाह लाई संकल्प प्रस्ताव माथि प्रदेश सरकारको धारणा राखन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेश सभा ईतिहासको त्यो गर्भिलो क्षणमा छ हाम्रो प्रदेश मा हाम्रो सार्बभौम हाम्रो अखण्ड भुमिलाई भारतीय सेनाले जुन चिन सँगको लडाइमा पराजित भयको थियो १९६२ मा तत्कालिन अवस्थामा रीष्क सेन्टर प्रयोग गरेको स्थितिमा पछि गयर लिम्पियाधुरा, लिपुलेक कालापानी हुदै लगभग ३७२ स्क्वायर बर्ग किलोमिटर क्षेत्रफल अतिक्रमण गरेर भारत सरकारले आफ्नो पोलिटिकल म्याप जारी गरीसकेको काटो ग्राफि यग्रिसन गरीसकेको त्यति मात्र होईन त्यो भुमिमा नेपाली भुमिमा भारत सरकारका रक्षा मन्त्री राजनाथसिँ ले सडक सम्मको

उद्घाटन गरेपछि सुदुरपश्चिम सरकारले तत्काल जति बेला भारत सरकारबाट राजनैतिक नक्सा जारी भयको थियो तत्काल यसको आपत्ति जनायर हाम्रो सार्बभौम भुमि र हाम्रो अखण्ड भुमिमाथि जुन ढङ्गको हमला भयको छ त्यसको प्रतिबाद भयको छ त्यो प्रतिवाद गरेको थियो र संघिय सरकारलाई यसको बारेमा अविलम्व कुटनीतिक संवादका माध्यमबाट हामीले समष्याको समाधान गर्न हामीले माग गरेका थियौ । त्यसपछि भारत सरकारका रक्षा मन्त्रीले धेचुला देखि लिपुलेक सम्मको भर्चुअल ईनागो सन गरीसकेपछि हामीले आपत्ति प्रकट गर्यो र संघिय सरकारलाई ठोस पहलका निम्ति आग्रह गरीयोको कुरा म यहा निबेदन गर्न चाहान्छु र आज हामी जुन प्रदेशको भुमि अतिक्रमित भयको थियो र अतिक्रमित छ त्यो प्रदेश सभाको तर्फको तर्फबाट यो युगौ परीस्थितिमा छौ र हामी संकल्प प्रस्ताव का माध्यम बाट हाम्रो अखण्ड भुमिमा रहेका भारतीय फौजहरु जुन भारतीय ईन्डो तिब्बतियन बिर्डर फोर्स भन्ने यउटा आईटिभेफ छ र आईटि बियफ र भारतीय सेनाको लगभग ५००० त्यहा सेनाहरु छन उनिहरु त्यहाबाट अविलम्व हट्नुपर्छ र त्यो हाम्रो अखण्ड भुमि हो भन् खालको जुन भावनाको साथ संकल्प प्रस्ताव आयको छ हामी ऐतिहासिक क्षणमा छौ माननीय सभामुख महोदय पुर्ब बक्ता माननीय सदष्य ज्यु हरुले ईतिहासका सन्दर्भ हरु ईतिहासका तथ्यहरु र घटनाक्रमहरुलाई यहा सबिस्तार गर्नु भयको छ छलफल मा ल्याउनु भयको छ नेपाल र भारतका बिचमा भयको भारतको ब्रिटिस ईन्डिया गभरमेन्टको समयमा हसलाई हामी कम्पनि गभरमेन्टका नाममा चिन्दछौ ४ मार्च १८१६ मा जुन सुगौलि सन्धि भयको थियो बिहारको सुगौलि भन्ने ठाउमा जुन सन्धि भयको थियो नेपालका तर्फबाट हस्ताक्षरका रुपमा गहरराज मिश्र र चन्द्रशेखर उपाध्याय हुनुहुन्थ्यो भने कम्पनि सरकारको तर्पबाट प्याट्रिस भ्राट्स ईष्टईन्डिया कम्पनिको तर्फबाट हुनुहुन्थ्यो का बिचमा जुन सन्धि भयको थियो त्यो सुगौलि त्रिटिको आर्टिकल फाईमा धारा ५ मा स्पष्ट लेखियको छ the raja of nepal rinaounces for the himself his haris successer all complex to thof the countries lying to the west of the river kali and engages never to have any concert with thiese country or the enhapithebce have of भनेर स्पष्टै लेखियकोछ नेपालको राजाले आफु आफ्ना उत्राधिकारी हरु र उत्तराधिकारी हरु सबैले काली नदिको पश्चिममा अवस्थित देश हरु सँग दावि त्याग द छ र ति देशहरुमा त्यहाका बासिन्दाहरु सँग कुनै चासो राख्दैन भनेर यसरी लेखियको छ काली नदिको पुर्ब काली नदि सहित पुर्ब तिरको सम्पुर्ण भुभाग लिम्पियाधुरा, लिपुलेक र कालापानी भुभाग ति नेपालको अखण्ड भुमि हो भण्ने कुरा जनजायर छ । सर्बबिधितै छ त्यसैले अगि यहा छलफल भयो बिभिन्न समयक्रममा चाहे भारतको सरकारले तत्कालिन १८५८ मा जारी गरेको नक्सा चाहे ब्रिटिस लाइब्रेरीमा भयको नक्सा सन १८२७ मा भयको नक्सा चाहे अमेरीकन लाईब्रेरी मा रहेका नक्साहरु भन्नुस चाहे अहिलेको मोर्डन हाइड्रोलोज आधुनिक जल बिज्ञानले पुष्टि गरेको कुरा होस नदिको मुहान निर्धारण गर्ने सन्दर्भमा जल बिज्ञानले यउटा मान्यता अगाडि सार्दछ त्यो नदि कति टाढा बाट बगेको छ गहिराई कति छ त्यसको डेप्थ कति छ त्यसको लम्वाई कति छ त्यो मापदन्डमा त्यसको मुहान यो हो भनेर निर्धारण गरीन्छ त्यो निर्बाद छ लिम्पियाधुराको हिमाल बाट

बग्ने अगि माननीय ज्युहरुले चर्चा गर्नु भाको छ कुटियाङ्दि त्यहाको स्थानीय जातिको भाषामा यउटा ठुलो नदि भनेर भावर्थ शब्दार्थ हामीले यहा सुन्यौ त्यो लिम्पियाधुराबाट बग्ने नदि भयको कुरा निरविबाद छ । अकाट्य छ त्यसमा कुनै बिबाद कुनै सन्देह राख्नुपर्ने छैन त्यसैले हामीले दुइ देशका पियम हरुका बिचमा पनि हिन्द कुमार गुजराल यो १९९८ मा यो सुस्ता र कालापानी माथिको जुन ईतिहासको दावि छ बिबाद छ यसलाई अबिलम्व टुङ्ग्याउने भनेर दुई देशले टास्क ज्वाईन नेपाल ईन्डिय बोर्डर वर्किङ ग्रुप समेत गठन गरेर अगाडि बढायको कुरा पनि ईतिहासमा छर्लङ्गै छ । त्यसैले नेपालको अखण्डता र सार्बभौमसत्ताको गर्नुपर्छ भन्ने कुरामा हामी जोड दिन्छौ बिगतमा गरीएका सन्धि सम्झौताको पुर्णतया पानला गर्नुपर्छ भन्ने कुरामा हाम्रो मान्यता छ भारतले आफ्ना छिमेको देशहरु सँग मित्रवत सम्बन्ध राख्न सक्नु पर्छ र उसले आफ्नो बिस्तारवादि नीतिलाई अविलम्व त्याग्नुपर्छ । दुईदेशिय नीतिलाई लिपुलेकलाई भारत र चिनका बिचमा जुन सन्धि भयको छ त्यो सन्धिको पुनरावलोकन गर्नलाई संघिय सरकारले कुटनैतिक पहल कदमि गर्नुपर्छ र हाम्रो त्रिदेशिय नाका बिन्दु त्रिदेशिय सिमा बिन्दु लिपुलेकमा यकिन गरीनपर्छ भन्ने प्रदेश सरकारको जोडदार माग रहेको छ सभामुख महोदय भारतको ब्रिटिस ईन्डिया कालीन मानसिकता अंग्रेजहरु त गय तर अंग्रेजले छोडेको बिरासत त्यो साईकोलोजि त्यो मनोबिज्ञान भारतका शासकमा छ औपनिवेशक मानसिकता आफु पनि लगभग २०० बर्ष सम्म अंग्रेजहरुका उपनिवेशमा बसे दासि मा बसे र अरु छिमेकी राष्ट्रहरुलाई पनि सिमामा दुख दिने उनिहरुको स्ट्याबिलिटिमा उनिहरुको सब्ङ्किमा धावा बोलिरहने जुन खालको प्रबृति भारतको छ त्यसैले हामी भन्छौ बिभागको नीति ब्रिटिसहरुले लियका थिय । ईतिहासमा त्यै नै त्यलाई अगाडि बढायर नेपालमा पोलिकल स्ट्याबिलिटि आउनै नदिने नेपाली हरुलाई यकताबद्ध हुनै नदिने बहुमतका सरकारहरुलाई चल्नै नदिने जबरजस्ति कार्टोग्राफि यग्रेसन गरेर नेपालको सार्बभौम भुमालाई आफ्नो नक्सामा जारी गर्ने अनि बल मिचाहा पुर्बक नेपाली भुमिमा सडक बनाउने जस्ता कार्यहरुको हामी जोर भनसना गर्दछौ र अगि माननीय रणबहादुर रावल नेपाली कंग्रेस संसदिय दलका नेता ले यहा भन्नु भो विवेक शुक्ला देखि कैजर हुलियम सम्मका कुराहरु नेपाली सेना नेपाली जातिको ईतिहास के हो हाम्रो बहादुरी हाम्रो बिर गाथा विश्व युद्धमा हामीले बगायको रगत स्वतन्त्रताको र स्वाधिनता को निम्ति लागि हामीले खेलेका विश्व मञ्चमा खेलेका भुमिका हरु र नेपालको स्वाधिनता नेपालको अखण्डता नेपालको सार्बभौमि स्वतन्त्रका पक्षमा यकसेएक शासकहरुले हिट्लर देखि लियर कैजर हुलियमले म शंसारका कुनै पनि सैनिक सँग मेरा सैनिक लडाउन म डराउदिन तर गोर्खालि भन्ने बितिकै मेरो मुटु डरले छियाछिया हुन्छ डरले काप्च भनेर भनेका सन्दर्भ हरु त्यो त्यसै भनेका होईनन् । कसैको आशिर्बाद ले हामी स्वतन्त्र भयका होईनौ the sun never sens in the britis umpayr भन्ने यउटा लोकप्रिय भनाई थियो । अंग्रेज साम्राज्यको सुर्य कहिले अस्ताउदैन संसार भरीको देशहरुमा साम्राज्य थियो । त्यसतो साम्राज्यबादि भेल आयको बेला मा पनि हाम्रा बिर पुर्खा हरु ले लडेर स्वतन्त्र राखेको देश नेपाल हो नेपाली हरु कहिल्यै हामी कसैका नत हामी कसैका

गुलाम बन्यौ नत हामी कसैलाई प्रभु मान्दछौ नत हामी कसैलाई दास ठान्दछौ हामी पञ्चशिलको आधारमा अन्तराष्ट्रिय प्रमाण पत्रको आधारमा हामी हाम्रा छिमेकिहरु सँग सम्बन्ध चाहान्छौ । त्यसैले भनियको छ, माननीय सभामुख महोदय नो वान क्यान मेक यु फिल ईन्फेरीयर विथ आउट योर पर्मिसन तपाईको अनुमति बेगर कशैले पनि तपाईलाई कमजोर सावित गर्न सक्दैन जव नेपाली ईतिहासको त्यो क्षणमा र अहिलको यो अवस्थामा हामीले हाम्रो सार्बभौम सत्ताको रक्षा गरेका छौ हाम्रो अखण्डताको रक्क्षा गरेका छौ नेपाली हुनुको अर्थ हामीले  दृढताको सुरक्षा गरेका छौ र हामी त्यो क्षणमा छौ हामीले स प्रमाण सहित पेश गरेका छे चाहे इतिहासको त्यो राष्ट्रियताको लागि लड्दालड्दै बहादुर सिँ यदवालहुनुहोला चाहे प्रेमसिँ धामि हुनुहोला कालापानीको घाउ काठमांडौलाई किन दुख्दैन भनेर प्रमसि धामिले संघिय संसदमा यो आवाज गर्नुभो यो प्रदेस को महाकाली देखि लयर कालापानी सम्मको पिडालाई म ति सवै अग्रज पर्ति श्रदान्जलि ब्यक्त गर्न चाहान्छु सवै महान सहिदहरु जसले यो देशलाई आन्दोलनमा, राष्ट्रियताको आन्दोलनमा, नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपालको गणतान्त्रिक आन्दोलनमा आफ्नो जिवनको आहुति दिनुभयको छ उहाहरु सबैलाई श्रदासुमन ब्यक्त गर्न चाहान्छु, श्रदान्जलि अर्पण गर्न चाहान्छु र आजको यो दिनमा यो घडिमा म स्मरण गर्न चाहान्छु हामी बिलकुलै ईन्डिपमेन्ट नेशन हौ हामीले कहिले पनि कसैको अधिनतालाई स्विकार गरेनौ हामीले कसैको दास उप्रान्त हाम्रा निम्ति कहिले पनि स्विकार्य भयन । त्यसैले जसरी अमेरीका जस्तो शक्तिशालि राष्ट्रले पनि आफ्नो सिमाना मा मेक्सिको सँग त्यहा वाल लगायर आफ्नो सार्बभौमिकताको रक्षा गरेको छ भारतले स्वयम बङ्गलादेश सँग पनि तारबार घेरेर आफ्नो भुमिको रक्षा गर्छ भने हामी दावा साथ भन्छौ यहा फर्ता ल्याउने कुरा छैन भारतीय सेनालाई त्यहाबाट हटाउने कुरा छ त्यहा निर्माणाधिन भयको सडकलाई बन्द गराउने कुरा छ राज्यको उपस्थिति गराउने कुरा छ सार्भभौम सत्ताको रक्षा जनताले गर्छन माननीय सभामुख महोदय सुरक्षा निकायहरुले गर्दछ त्यसैले त्यो अतिक्रमित भुमिमा हाम्रा सम्पुर्ण सुरक्षा फौजको अविलम्व परीचालन गर्नुपर्छ त्यहा सिमा प्रहरी कार्यालय देखि लियर सिमा सुरक्षा कार्यालयहरु सिमा प्रशासन कार्यालयहरु को स्थापना हुनुपर्छ  शस्त्र प्रहरी बलका बियोक्तिहरु स्थापना हुनुपर्छ र हाम्रो भुमि ईतिहासमा हाम्रो थियो अहिले छ नेपाल सरकाले ५८ बर्ष पछि यउटा देश भक्त यो देशको छोराले आट्यो नेपालसरकारको सम्मानिय प्रधानमन्त्री ले आट गर्नु भो ५८ बर्ष पछि यो मेरो भुमि हो भनेर राजनैतिक नक्सा जारी गरेर निशानछापको परीवर्तन गरेर यो अखण्ड भुमो मेरो हो भनेर हाम्रो नेपालको हो तिमिहरु अतिक्रमणकारी हौ जाउ भन्ने जुन खालको सन्देश आज सवाल भयको छ । त्यसका निम्ति म संघिय सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु र सबै राजनैतिक दलहरुलाई नेपालका पर्मुख राजनैतिक दल लगायत सवै राजनैतिक दल लाई यो राष्ट्रिय सहमतिका लागि म हार्दिक धन्यवाद दिन चाहान्छु माननीय सभामुख महोदय आज यो सम्मानित प्रदेश सभामा यहा उपस्थित सवै राजनीतिक दलको तर्फबाट संकल्प प्रस्ताव आयको छ यो हाम्रो भुमि हो र हाम्रो भुमिमा बाह्य देशको सैनिक रहन सक्दैन अविलम्व हट्नुपर्छ भारतीय सुरक्षा कर्मिहरुलाई अविलम्व

हटाईनुपर्छ र त्यहा निर्माणाधिन सडकालाई बन्द गरीनुपर्च र त्यहा नेपाल सरकाको नेपाल राज्यको उपस्थिति हुनुपर्छ भन्ने भावका साथमा आज संकल्प प्रस्ताव आयको छ र प्रदेश सरकारले सुरुवाति दिनमै भारतले त्यो कार्टोग्राफि र ग्रसन गरेर जुन राजनैतिक नक्सा जारी गरेको थियो तत्क्षणमै हामीले नेपाल सरकारलाई आग्रह गरेका थियौ कुटनीतिक माध्यमबाट समष्याको हल गर्नु पर्छ भनेर पछि भारत सरकारका रक्षा मन्त्रीले सडक नै उद्घाटन गरीसकेपछि त्यसप्रति आपत्ति जनायर नेपाल सरकारले अनुरोध गरेका छौ ठोस कदम मार्फत हाम्रो सार्बभौमसत्ता रक्षा गर्ने कुरा हाम्रो भुमिको रक्षा गर्ने कुरा र हाम्रो भुमिको अतिक्रमणहरु लाइ त्यहाबाट हटाउने कुरा बिदेशि राष्ट्रका सैनिकहरुलाई हटाउने कुरा अविलम्व गरीनुपर्छ भनेर मान्यता हामीले  राख्दछौ राख्यो यो हाम्रो अविचलित मान्यता हो र सुदुरपश्चिम प्रदेश सरकारको राजनैतिक दलका बिचमा सहमति भयर सर्बसम्मत ढङ्गले आयको छ यसका निम्ति धन्यवाद पनि दिन चाहान्छ र अविलम्व हाम्रो भुमिबाट भारतीय फौज त्यहाको ईन्डोतिब्तियन बोर्डर देखि लियर भारतिय सेना जुन त्यहा बसेको छ लगभग ५ हजारको संख्यामा त्यो अबिलम्ब हट्नुपर्छ र त्यहा निर्माणाधिन भयका संरचना हरु बन्द गरीनुपर्छ र हाम्रो राज्यको उपस्थिति दरो ढङ्गले हुनुपर्छ सैनिक उपस्थिति हुनुपर्छ सुरक्षा उपस्थिति हुनुपर्छ र त्याहका कुटि गुन्जि नाबि छ्याङ्बु र टिङ्कर का हाम्रा आदरणिय जनसमुदायलाई बिकासको मुल पुर्वाधारमा ल्याउने गरी बिकसाको रफ्तार त्यहा परीचालन हुनुपर्छ नेपाल सरकारका तर्फबाट प्रदेश सरकारका तर्फबाट र ब्यास बासि आदरणियजनसमुदायलाई बिकासको मुलधारमा हामीले प्रदेश सरकारको बिशेस कार्यक्रम गर्नुपर्छ भनेर आफ्नो नीति तथा कार्यक्रममा त्यो उल्लेख गरेको कुरा माननीय  सभामुख ज्यु मार्फत म सम्मानित यो सदनलाई अनुरोध गर्न चाहान्छु र प्रदेश सरकार ठोस र  सार्थक बार्ताका निम्ति संघिय सरकारलाई अविलम्व पहल गर्न अनुरोध समेत गर्न चाहान्छ । धन्यवाद ।

११. **मननीय सदस्यहरु,**

अब म उक्त संकल्प प्रस्ताव लाई प्रदेश सभा नियमावली, २०७४, को नियम ९२ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यजयूहरुले **“हुन्छ“** भन्नुहोला र प्रस्तावको विपषमा हुने माननीय सदस्यजयूहरुले **“हुन्न”** भन्नुहोला

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु ”हुन्छ“ भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु ”हुन्न“ भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

**“हुन्न“ भन्ने आवाज सुनिएन तसर्थ प्रस्तुत भएको संकल्प प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।**

१२. **मननीय सदस्यहरु,**

**संकल्प प्रस्ताव माथिको कारवाही यहि समाप्त हुनछ ।**

१३. **मननीय सदस्यहरु,**

अब, **"प्रदेश जनस्वास्थय समबनधमा वयवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कार्बाही प्रारमभ हुनछ ।

१४. **मननीय सदस्यहरू,**

अब, म सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुबेदीलाई **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि प्रदेस सभा नियमावलि २०७४ को नियम १०७ बमोजिम सभामा सामान्य छलफल हो स भनि यो प्रस्ताव पेश गर्दछु धन्यवाद

१५. **मननीय सदस्यहरू,**

अब, म **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि सामान्य छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपषमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामानय छलफल  गरियोस भन्ने प्रस्ताव सर्वसममतीले स्वकिृत भएको  घोषणा गर्दछु ।

१६. **मननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रतयेक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय **बलदेव रेगमी**लार्य समय दिनछु ।

माननीय सभामुख महोदय, नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको सम्बन्धमा जुन संविधानमा उल्लेखित छ । प्रदेश सरकार जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्नको यो विधेयक प्रस्तुत भयको छ त्यसका लागि महार्दिक धन्यवाद दिन चाहान्छु अहिलेको बर्तमान परीस्थिति र हाम्रो स्वास्थ्य अवस्था मध्यनजर गर्दै जुन विधेयक आयको छ त्यो विधेयक असाध्यै महत्वपुर्ण समय दियर महत्वपुर्ण बुदा र त्यसका साथसाथै यले केहि नया कुराहरु पनि जुन बिद्यालय स्वास्थ्य सम्बन्धि

यउटा कार्यक्रम पनि ल्याको छ त्यलाई पनियउटा सहि ढङ्गले बढाउनको लागि जुन बिद्यालय स्तरमा यसको सहयोग पुग्ने अवस्था देखियको छ बिसेस गेरेर यो केहि छात्रबृतिको केहि व्यवस्था भयको छ र यस बारेमा बिशेस गरेर दुर्गम पहाडि जिल्लाहरुमा स्वास्थ्यकर्मिहरु नबस्ने अवस्थालाई पनि न्युनिकरण गर्नाका निम्ति पनि यलाई दुर्गम पहाडि हिमालि क्षेत्रमा बस्ने स्वास्थ्य कर्मि चिकित्सकलाई पनि छात्रबृतिको उचित सुबिधाको व्यवस्था गर्नको पनि आवश्यक देखिन्छ त्यस्तै यो औषाधालय पनि सम्बन्धित स्वास्थ्य केन्द्रमा पनि सरकारले आफै औषाधालय सञ्चालन गर्नु पर्ने यकखालको पनि आवश्यकता छ त्यो औषाधालय पनि सञ्चालन हुने अवस्था त यक ठाउमा छदैछदै छ यसमा औ षधि जुन आपुर्तिमा यकखालको समष्या छ लामो समय देखि औषधि आपुर्ति र अन्य निशुल्क प्रदान गरीने स्वास्थ्य सामग्रिमा जुन यो भन्दा अगाडि समस्या आयको छ थियो छ र हाम्रा यक खालले स्कुलका औषधि र सामग्रिहरु करीद गर्ने सन्दर्भमा यउटा घोटला हुने कुरा समयमा आपुर्ति नहुने कुरा आयका कुरा छन गर्नका लागि पनि यो विधेयकामा केहि समेट्ने कुराहरुमा आवश्यक रहन्छ र त्यसतै स्वास्थ्य सरकारी स्वास्थ्य संस्था नजिकै र अन्य क्लिनिकहरु जस्तै निजि स्वास्थ्य क्लिनिकहरुलाई राख्ने जुन खालको परीपाटि छ । त्यलाई पनि कमि गर्न का लागि पनि माननीय सभामुख महोदय यो विधेयकमा केहि समेटियको छ र यले केहि समय दियर त्यो त्यहाबाट ५०० मिटर जति टाढा सर्न पर्ने र समय बिषय नसारे पनि त्यलाई जरीवाना सम्मको व्यवस्था गरेको पाईयको छ त्यलाई महत्वपुर्ण कुरा छ यले गर्दा सरकारी स्वास्थ्य संस्थालाई प्रभावकारी बनाउने खालको ब्यवस्था छ त्यसतै जो चिकित्सक हरुले अब थोरै समय सरकारी निकायमा आफुले जुन संस्थामा आबद छ त्यहा काम गर्ने र धेरै समय निजि स्वास्थ्य संस्थामा काम गर्ने खालको जुन परीपाटि छ त्यलाई पनि न्युनिकरण गर्नाका लागि यो विधेयकमा सम्वोधन भयको छ र यलाई अज व्यवस्थित गरेर यलाई सम्बोधन गर्न आवश्यक छ त्यसतै हाम्रो यो सुदुरपश्चिम आफैमा पनि हामीले हाम्रो प्रदेश सरकारले जडिबुटि सन्दर्भमा पनि धेरै महत्व दियको छ हामीसँग धेरै जडिबुटिको सम्पन्नता छ त्यलाई पनि यउटा आयोर्बेदिक औषाधालयलाई ब्यस्थित गर्दै र यलाई विशेस गरेर हामीले सुरुमा आयुर्बेदिक औषाधालय औषधिको उपचार गरेपछि मात्र यरीपैतिक तिर जाने खालको परीपाटि भयपछि हामी आर्युबेदिक औषाधालय सञ्चालन गर्छे तर त्यहा कोहि नजाने अवस्था हुन्छ त्यसको बिसेसतालई पनि त्यलाई व्यवस्थित खालको विधेयकमा बोल्न आवश्यक देखिन्छ बिशेस गरेर यति नै कुराहरु मैले यहा राखे र बाकि कुरा हरु अन्य हरुबाट पनि आउने नै छ र बिशेस गरेर यो विधेयक सहि समयमा र अहिले सम्म स्वास्थ्यसम्बन्धि अहिले जुन ढङ्गले आलोचना जुनखालको पर्देश सरकारमाथि समष्या आयको छ अब यो नीतिगत रुपमा सवै कुरालाई अस्पताललाई स्वास्थ्य कर्मिलाई र अन्य जो नया स्वास्थ्य सेवा सञ्चालनका लागि अनुमति लिनका लागि सहज हुने छ र सुदुरपश्चिममा यसमा स्वास्थ्यमा गति लिने छ यो विधेयक पास भय पछि भन्ने म यउटा शुभकामना दिदै मेरी भनाई यहि राख्दछु, धन्यवाद । नमस्कार

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, हाम्रो सुदुरपश्चिम प्रदेश सरकारको तर्फबाट माननीय सामाजिक बिकास मन्त्री ज्युले जुन यो प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई प्रस्तुत गर्नु भयको छ । यसको सामान्य छलफलको लागि हामीलाई समय प्राप्त भयको छ हाम्रो प्रदेस प्रकृतिक हिसाबले सुन्दरताछ त्यति भौगोलिक हिसाबले पनि जटिल छ त्यसकारणले हाम्रो प्रदेशमा जुन दुरदराजमा रहेका जनताहरु छन त्यो ठाउमा सर्बशुलभ तरीकाले सर्ब ब्यापि पहुँच का आधारमा अहिले पनि स्वास्थ्य सेवाहरु उपलब्ध भैराखेको छैन । त्यसकारणले हाम्रो संविधानले दियको अधिकार जुन हाम्रो मौलिक अधिकार र कर्तब्यमा उल्लेख गरीयको छ कि सबै नागरीकले सम्पुर्ण जनताहरुले स्वास्थ्यको हक प्राप्त पाउनुपर्छ आधारभुत स्वास्थ्य सेवा निसुल्क रुपमा प्राप्त गर्नुपर्छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरीने छैन त्यसकारणले जनताले पनि आफ्नो स्वास्थ्य सेवा पाउने अधिकार जनताले पाउनुपर्छ भन्ने सवालमा हाम्रो संविधानले पनि बोलेको छ र हाम्रो राज्यको यउटा दिगो बिकासको लक्ष्यसँग पनि यो जोडियको हुनाले हाम्रो प्रदेश सरकारले समयमै यो विधेयक प्रस्तुत गरेको छ मलाई लाग्छ अब यो हाम्रो दुर दराजमा रहेका जनताहरुले स्वास्थ्य सेवाबाट बञ्चित हुनेछैनन् र नया अस्पतालहरु प्रयोगशाला लगायत नर्सिङ होमहरु पोलिक्लिनिक हरु र फार्मेसि लगायताका बिभिन्न यस सँग सम्बन्धित उद्योगहरुको पनि स्थापना गर्ने सवालमा प्रदेश सरकार अगाडि बढ्ने छ र त्यसकारणले यो सवै नागरीकको स्वास्थ्य सम्बन्धि हक को लागि स्वास्थ्य सेवाको हकलाई कार्यान्वयन गर्ने पक्षमा र स्वास्थ्यलाई नियमित, प्रभावकारी एवम सर्बसुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने सवालमा यो विधेयकले महत्वपुर्ण भुमिक खेल्ने छ भन्ने मैले महसुस गरेको छु अंग्रेजि औषधिहरुको जुन छ यलाई प्रदेशले बिस्तारै बिस्थापित गर्दै हाम्रो प्रदेश यउटा जडिबुटि सम्मपन्न भयको प्रदेश पनि हो यस सम्बन्धमा पनि यो विधेयकले महत्वपुर्ण भुमिका खेल्ने छ भन्ने म यकदम विश्वास राख्न चाहान्छु र यो विधेयकमाथि अवस्य पनि विषयगत समितिमा यो विधेयक जाने छ र यसलाई पुरस्कृत गरेर यो सम्मानित सदनले यलाई पास गर्ने छ । यले महत्वपुर्ण भुमिका खेल्ने छ आजको यस्तो यउटा कोरोना महामारीको अवस्थामा पनि जन यसको महत्वपुर्ण भुमिका रहने छ र यसको जनमहत्व बढेको छ हिजो केन्द्रिकृत राज्यको बेलामा धेरै यस्तो यो अस्पताल खोल्नेकुराहरु देखि लियर यो सँग सम्बन्धित बिषयमा त्यति अवसर प्रदान गर्न नसकियपनि अहिले यो प्रदेश सरकारले आफ्नो यो हाम्रो सुदुरपश्चिम प्रदेशमा अवस्य पनि स्वास्थ्यसँगका सम्बन्धित कुराहरु यसको व्यवस्था गर्ने छ यो बिधेयकले महत्वपुर्ण भुमिका खेल्ने छ भन्दै आफ्ना भनाइ यहि राख्दछु, धन्यवाद । नमस्कार ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ नेपालको संविधान बमोजिम नागरीकले स्वास्थ्य सम्बन्धि हक र सेवा मौलिक हक र कर्तब्यको बारेमा स्वास्थ्य सेवामा सवै नागरीकको हक स्थापना गर्ने र प्रत्येक नागरीकले राज्य बाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने छ कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट

बञ्चित गर्ने छैन आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा सवै दुरदराजकानागरीकले पाउने हक हुने छ यो विधेयकमा हाम्रो प्रदेशको दुरदराजका गाउहरुमा रहेका नागरीकहरुले प्राथमिक उपचारकालागि क्लिनिकहरुमा जाने गर्दछन र अधिकांश क्लिनिकहरु सियमयहरुले चलाईरहेको अवस्था छ यिनिहरु १५ महिने पोर्ष मात्रै पढेका हुन्छन र बढि जसो पुरुषहरु यि क्लिनिकहरु खोलेर बसेका हुन्छन त्यसकारणले गाउका सोझा महिलाहरु आफ्नो बिमारी रोगहरुको समस्या तिनिहरुसँग सहजै रुपले भन्न सक्दैनन् र पछि रोग ठुलो रुप लिन जान्छ । अहिलेको अवस्थामा महिला हरु नै अनेक रोगबाट पिडित पनि छन ३ बर्षे कोर्ष गरेका स्टाफ नर्ष र बियम हरु थुप्रैमात्रामा अहिले उत्पादन सकेको अवस्थामा यिनिहरुलाई हेल्परको रुपमा मात्रै अहिले सम्म राज्यले प्रयोग गर्दै आयको छ यिनिहरुलाई पनि प्राथमिक उपचारको लागि क्लिनिक खोल्न पाउने कार्यविधि प्रदेश सरकारले सहज रुपमा बनाउनुपर्छ मेरो सुझाब हो सियमय योग्य हुने तर स्टाफ नर्स र बियान योग्य किन नहुने? यसबाट बेरोजगारीको समस्या समाधान र महिलाहरु बढि भन्दा बढि लाभ लिन सक्ने हुने छ किनभने स्टाफ नर्स जति छन उहाहरु चाहि अहिले सम्म राज्यकै हेल्पर भयर मात्रै बसेका छन यात उनिहरुले डिसपलान हुनुपर्छ या राज्यको हेल्पर भयर बस्नुपर्ने हुन्छ त्यसकारण यो विधेयक अत्यन्तै सराहनिय विधेयक छ र यो विधेयकले यकदमै महत्वपुर्ण भुमिका खेल्नेछ र खासगरेर महिला नै स्टाफ नर्स हुन्छन यि महिलाको लागि यसमा सहज कार्यविधी बन्ने च भन्ने मैले विश्वास लियको छु र यो बिधेयक अत्यन्तै राम्रो छ र स्वागत गर्न पनि चाहान्छु दफावार छलफलको लागि संबन्धित समितिमा पठाईयोस, धन्यवाद ।

१७. **माननीय सदस्यहरू,**

**"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

१८. **माननीय सदस्यहरू,**

अब, म सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुबेदीलाई **प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश जनस्वास्थ्य सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०७६ माथि माननीय ज्युबाट सामान्य छलफल भएको छ । यो विधेयकामा भयका महत्वपुर्ण कुराहरु माननीय ज्युहरुले राखु भएको छ यो विधेयकले स्वास्थ्यको पहुँचबाट टाढा रहेका सुदुरपश्चिम बासि जनतालाई सर्बसुलभ तरीकाले स्वास्थ्य क्षेत्रमा पहुच पुर्याउने छ । यो विधेयक पारित भैसकेपछि यस्ता संक्रमित लगायतका बिभिन्न महामारीका विषयमा प्रदेश सरकारले पनि तुरुन्तै निर्णय गर्न सक्ने प्रावधान पनि यो विधेयकमा छ यो बिधेयकले बालक जन्मे पछि ६ महिनासम्म आमाले अनिवार्य रुपमा दुध खुवाउने व्यवस्था जो च त्यलाई प्रतिस्थापन गर्ने कुरा यो विधेयकले ल्याको छ यो विधेयकले ५०० मिटर सरकारी अस्पतालहरुको ५०० वरीपरी निजि क्लिनिक अस्पतालहरु खोल्न नपाईने पनि यो विधेयकले ल्याको छ यसले गर्दा यो विधेयकमा भयका यस्ता महत्वपुर्ण

कुराहरु लाई यले बढाको छ माननीय ज्युले भनेजस्तै योग्य हिजोसम्म गाउघरमा क्लिनिक चलायका हिजोको अवस्था हेरेर उहाहरुले यो विधेयकले त्यस्तालाई पनि प्रोत्साहन गरेको छ । केहि कुराहरु उहाहरुका कमि कमजोरी छन भने दर्ता नविकरण गर्ने, दर्ता खारीजि गर्ने र राम्रो सेवा सुविधा दिने खालको जनतालाई राम्रो स्वास्थ्य सेवा दिने खालको यो विधेयकले ल्याको छ यसका लागि अब यहा माननीय ज्युले दियका सुझाबहरु प्रदेश सरकारले ग्रहण गर्दै यो विधेयक केहि अपुर्ण छ भने यलाई पुर्ण पार्नका लागि सरकार क्रियाशिल भयर लाग्ने छ र सम्पुर्ण माननीय ज्युहरुका अमुल्य सुझाब ग्रहण गर्ने छ भन्ने कुरा राख्दै आफ्ना अमुल्य सुझाब दिनुहुने माननीय ज्युहरुलाई धेरै धन्यबाद दिदै बिदा हुन्छु, धन्यवाद ।

१९. **मननीय सदस्यहरू,**

अब म सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुबेदीलाई **प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** लार्य दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय प्रदेस सभा नियमावलि २०७४ को नियम १०८ को उपनियम १को देहाय खण्ड ख बमोजिम प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई दफावार छलफलको लागि सामाजिक बिकास समितिमा पठायोस भनि प्रदेश बिकासका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद

२०. **मननीय सदस्यहरू,**

अब म सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुबेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुनछ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६**" लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

२१. **मननीय सदस्यहरू,**

**"प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कारवाही यही समाप्त हुन्छ ।

२२. **मननीय सदस्यहरु,**

आजको बैठकको कारवाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल जेष्ठ महिनाको ३२ गते आईतबार दिनको ३.०० बजे बस्ने भएकोले उक्त मिति सममका लागी बैठक स्थगित भएको घोषणा गर्दछु ।